का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २०१
❐ २० भदौं २०७८, आइतबार
❐ 5 September 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका
अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।




## एमालेको निशानामा माधव नेपाल !



गएको २ भदौमा नेकपा (एकीकृत समाजवादी) दल दर्ता गराएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल प्रति नेकपा एमालेका शीर्ष नेताहरु आक्रोशित छन् । लगातारको अभिव्यक्ति र गतिविधिले अब एमाले नेताहरुको प्रमुख निशाना हुन- माधव नेपाल ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ भदौं ।

तत्कालीन कोके, माले र एमालेका समेत संस्थापक नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गएको २ भदौमा नेकपा (एकीकृत समाजवादी) दर्ता गराएका छन् । एमालेको १४ वर्ष नेतृत्व गरेका नेपालसँगै १२ वर्ष नेतृत्व गरेका पूर्वप्रधानमन्त्री झलनाथ खनाल र प्रभावशाली नेता वामदेव गौतमले पनि एमाले परित्याग गरेका छन् । शुक्रबार मात्रै गौतमले उपाध्यक्ष र पार्टी जिम्मेवारीबाट राजीनामा दिएका थिए ।

गौतम पनि एकीकृत समाजवादीमा जाने तयारीमा छन् । यता एमाले अध्यक्ष केपी शर्मा ओली लगायत नेताहरु भने एमालेबाट अलग भएका नेताहरु विरुद्ध खनिदै आएका छन् । बितेको दुई सातामा प्रकट अभिव्यक्ति र भएका निर्णय हेर्दा अब एमालेको प्रमुख निशानामा एकीकृत समाजवादी पर्नेछन् । त्यसमा पनि प्रमुख निशानामा हुनेछन्- माधव नेपाल ।

शनिबार पनि एमाले अध्यक्ष ओली माधव नेपाल विरुद्ध नै खनिए । माधव बाँकी पृष्ठ २ मा

# कतै सर्वसम्मत कतै अनिश्चित

१४औं महाधिवेशनको प्रक्रिया शुरु भएको सत्तारुढ दल नेपाली काँग्रेसको वडा अधिवेशन निर्धारित समयमा सम्पन्न हुनेमा संशय देखिन्छ । २७ भदौमा स्थानीय तहको अधिवेशन तोकेको काँग्रेसले अझै २१ जिल्लामा क्रियाशील सदस्यता टुंग्याउन सकेको छैन ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १९ भदौं ।

आगामी मंसिरमा १४औं महाधिवेशन सक्नेगरी वडा अधिवेशन शुरु भएको सत्तारुढ दल नेपाली काँग्रेसको निर्वाचन तालिका फेरि प्रभावित हुने खतरा देखिएको छ । शुक्रबार ३५ जिल्लाको अधिवेशन भएपनि अझै २१ जिल्लामा क्रियाशील सदस्यता विवरण सार्वजनिक समेत हुन सकेको छैन । क्रियाशील सदस्यता टुंगिएको ५६ जिल्ला मध्ये शुक्रबार ३५ र शनिबार दुई जिल्लामा मात्रै वडा अधिवेशन भएको छ ।

शनिबार झापा र मुस्ताङमा अधिवेशन सम्पन्न भएको निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले बताए । कांग्रेसले शुक्रबार अघि ५६ जिल्लाका क्रियाशील सदस्यको सूची बुझाएको थियो ।

क्रियाशील सदस्यको सूची सार्वजनिक हुन बाँकी २१ जिल्लामा तत्काल निर्वाचन अधिकृत खटाउन सक्नेगरी तयारी भएको समितिले जनाएको छ । क्रियाशील सदस्यको सूची सार्वजनिक भएको दुई घण्टाभित्र जिल्ला निर्वाचन अधिकृतको जिम्मेवारी दिएर खटाउन सकिने गरी तयारी भएको छ ।

कांग्रेसले ७५३ वटै स्थानीय तहको अधिवेशन भदौ २७ गते गर्ने निर्वाचन तालिका सार्वजनिक गरेको छ । त्यसअघिसम्म ७७ वटै जिल्लाका सबै वडाको अधिवेशन सक्ने गरी काम गर्न निर्वाचन समितिले पार्टीको ध्यानाकर्षण गराउँदै आएको छ ।

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन् । वडा अधिवेशनले आफूमध्येबाट



सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुई गरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ । यसबाहेक मतदाता संख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुने छन् ।

मुलुकभरका सबै छ हजार ७४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र सदस्य एक लाख २१ हजार ६८१ निर्वाचित हुने समितिका संयोजक यादवले बताए । यस बाहेक मनोनित हुनेको संख्या थप रहेको छ । त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुने छन् ।

महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन आज भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ ।

कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १०, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ ।

यसअघि कांग्रेसको १३औं महाधिवशेन २०७२ साल फागुनमा काठमाडौंमा सम्पन्न भएको थियो । वडा अधिवेशन गर्न तोकिएको भदौ १८ को मिति नाघिसक्दासमेत २० जिल्लाका क्रियाशील सदस्यको सूची अझै सार्वजनिक नभएकामा सम्बन्धित जिल्लाका कार्यकर्ता निराश बन्न थालेका छन् ।

# इजरायल जाने परीक्षा लोकसेवाकै विधिमा

## अंग्रेजी भाषा परीक्षाको समय एक घण्टामात्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

वैदेशिक रोजगार विभागले इजरायल रोजगारी अन्तर्गत केयर गिभरको छनोटका लागि हुने अंग्रेजी भाषाको परीक्षाको समय एक घण्टाको मात्र रहेको बताएको छ । विभागले यसअघि साउन १२ गते जारी गरेको सूचनामा अंग्रेजी भाषाको लिखित अंकभार ८० र समय अवधि २ घण्टाको हुने उल्लेख गरेको थियो ।

तर विभागले परीक्षा हुन भन्दा करिब डेढ हप्ताअघि आफ्नो सूचना सच्चाउँदै अंग्रेजी भााषाको परीक्षाको समय अवधि एक घण्टामात्र हुने बताएको छ । विभागले अंग्रेजी भाषाको लिखित परीक्षा ८० अंक र अन्तरवार्ता २० अंकको हुने उल्लेख गरेको छ । २० अंकको अन्तर्वार्ताका लागि भने समय अवधि छुट्याइएको छैन ।

विभागले लिखित र मौखिक परीक्षा सञ्चालन गर्दा लोकसेवा आयोगले अबलम्बन गरेको विधि उपयोग गरिने बताएको छ ।



विभागले इजरायल रोजगारीका लागि शुरुमा १ हजार जना सहायक कामदार लैजाने बताएको छ । त्यसमा ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष कामदार जान पाउने छन् । त्यसका लागि शुरुमा १ हजार ४ सयजना छनोट हुने छन् । छनोट योग्यता प्रणालीमा आधारित हुने विभागले जनाएको छ ।

विभागका अनुसार रोजगारीका लागि इजरायल जानेको मासिक पारिश्रमिक नेपाली रुपैयाँ करिब एक लाख ९३ हजार हुनेछ । कामदारको खानाको प्रबन्ध आफैं मिलाउनुपर्ने छ भने बस्ने व्यवस्था रोजगारदाताले नै मिलाउने जनाइएको छ ।

### वैदेशिक रोजगार विशेष

## कुवेतमा रहेको नेपाली दूतावास के गर्दैछ ?

**काठमाडौं/मस-** कुवेतले देश अनुसार संख्या तोकेर आफ्नो देशमा आउने विदेशीहरुलाई अनुमति दिएपनि नेपाली कामदारहरुको यात्रा भने अनिश्चित बनेको छ । कुवेतले नेपालीलाई सिधा यात्रा अनुमति नदिएका कारण कुवेत जानेहरुले धेरै रकम खर्च गरी तेश्रो मुलुकमा बसेर जानु परेको छ । नेपालीहरुको उडान अनिश्चित हुँदा नेपालीहरु टर्कीको इस्तानबुल वा यूएई हुँदै कुवेत पुग्नुपर्ने बाध्यता छ ।कुवेतस्थित नेपाली दूतावास केवगर्दैछ भन्ने प्रश्न उठ्न थालेको छ ।

कुवेतमा रहेका नेपालीहरुले अन्य देशको जस्तै नेपाली दूतावासले कुवेतका सरकारी निकायसँग छलफल गरेर नेपाली प्रवेशको संख्या तोक्ने व्यवस्था गर्न माग गरेका छन् ।

नेपालबाट अलजजिरा एयरलाइन्स, कतार र एयर अरेबिया एकतर्फी उडान भरेको भएपनि दैनिकरुपमा कति नेपालीले कुवेतमा प्रवेश पाउने एकिन भएको छैन । दैनिक ७ हजार ५ सय विदेशीलाई प्रवेश खुला गरेको कुवेतले भारतका लागि सातामा ५ हजार ५ सय २८ जनाको कोटा दिएको छ । तर त्यसका लागि भारतीय उडानलाई अनुमति दिइएको छैन । इजिप्टबाट १० हजार ९ सय ३४ जनाले उडान अनुमति पाएका छन् ।

# सत्तारुढ विद्यार्थी सडकमा

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १९ भदौं ।



जयसिंह धामी प्रकरणलाई लिएर सत्तारुढ युवा तथा विद्यार्थी लगातार सडक प्रदर्शनमा उत्रिन थालेका छन् । भारतको हेपाहा प्रवृत्ति कायमै रहेको भन्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी विरुद्ध सडक प्रदर्शन भइरहेको छ । शुक्रबार नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थीहरु सडकमा उत्रिएका थिए ।

उनीहरुले मोदीको पुत्ला दोहन सहित प्रदर्शन गरे । भृकुटीमण्डपमा अनेरास्ववियूले सडक प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा प्रहरीसँग मुठभेडको अवस्था समेत सिर्जना हुने गरेको छ । शुक्रबार एकीकृत समाजवादी निकट विद्यार्थी सडकमा उत्रिएको भोलिपल्ट, शनिबार नेकपा माओवादी केन्द्र निकट विद्यार्थी एवम् युवा सडक प्रदर्शनमा उत्रिए । अखिल (क्रान्तिकारी) का विद्यार्थीहरुले प्लेकार्ड सहित प्रदर्शन गरेका थिए । भारतीय सुरक्षा बल (एसएसबी) का जवानले तुइन चुडाउँदा जयसिंह धामी महाकाली नदीमा खसेर बेपत्ता भएका थिए । बाँकी पृष्ठ २ मा

**मेनपावरका लागि एकाउन्टेन्ट चाहियो**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Accountant - 1 (Female)
SALARY: NOGITABLE

Interested candidates can send their cv to email:
*sharonhrsolution@gmail.com*

SHARON MANPOWER SERVICES PVT. LTD.
Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505 | Mob.: 9841827332

**मेनपावर कम्पनीको लागि कर्मचारी चाहियो**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

तलब आपसी सहमतिमा

PRO- 3 (Male/Female)
Documentation- 2 (Male/Female)
सउदी अरेबिया सम्बन्धी सम्पूर्ण काम जानेको हुनुपर्नेछ ।
मेनपावर फिल्ड्मा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।
Receptionist- 2 (Female)
मेनपावर फिल्ड्मा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
sinamangal-9, Kalimatidole, Kathmandu, Tel 014581383, 9801054683
E-mail : omamamanpower@gmail.com

# कृष्णनगरमा संगठन विस्तारलाई तिव्रता दिँदै माओवादी केन्द्रका नगर अध्यक्ष

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १९ भदौ




कपिलवस्तुको कृष्णनगर नगरपालिकामा नेकपा माओवादी केन्द्रले वडा कमिटी गठन गरेको छ। नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष जावेद आलम खाँ, सचिव गणेश प्रसाद बन्जाडे, केशर वली, लुम्बिनी प्रदेश मदरसा बोर्डका उपाध्यक्ष मौलाना मशहूद खाँ नेपालीको नेतृत्वमा गत बुधबार वडा नं. ४ र १२ मा वडा कमिटी गठन गरिएको हो ।

नेकपा माओवादी केन्द्रले कृष्णनगर नगरपालिकाको १२ वटा वडामा शिघ्र वडा कमिटी गठन गरी बलियो नगर कमिटी बनाउने तयारीमा रहेको नगर अध्यक्ष जावेद आलम खाँले बताए । वडा नं.४ को सिर्सिहवा गाउँमा लगभग ४०० बन्दा बढी मान्छेको भेलाले सर्वसहमतिबाट वडा अध्यक्ष गीता देवी सुनार तथा सचिव वसीम फकीरको नेतृत्वमा १६ सदस्यीय वडा कमिटी गठन गरेको छ ।

त्यस्तै, वडा नं.१२ को मानपुर गाउँमा ३०० भन्दा बढी मान्छेको भेलाले सर्वसहमतिबाट वडा अध्यक्षमा मुजम्मिल मुसलमान तथा सचिव कमला प्रसाद यादवको नेतृत्वमा १६ सदस्यीय वडा कमिटी गठन गरिएको नगरसचिव गणेश प्रसाद बन्जाडेले जानकारी दिए ।

नवनियुक्त पदाधिकारीहरुलाई नगर अध्यक्ष जावेद आलम खाँ तथा केशर वलीले बधाई तथा शुभकामना व्यक्त गर्दै आ-आफ्नो पदमा बसी पार्टीको हकहितमा काम गर्न तथा आउने निर्वाचनमा पूर्ण बहुमत हाँसिल गर्नका लागि आजै देखि लाग्न निर्देशन दिँदै नवनियुक्त पदाधिकारी हरु लाई सपथ समेत खुवाए ।

उपस्थित जनतालाई लुम्बिनी प्रदेश मदरसा बोर्डका उपाध्यक्ष मौलाना मशहूद खां नेपालीले धन्यवाद दिँदै नवनियुक्त पदाधिकारीहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना समेत दिएका छन् । कार्यक्रममा शाहिद खाँ, मोहम्मद मुस्लिम, प्रहलाद यादव लगायतका माओवादी केन्द्रका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# विद्यार्थीमाझ ब्राण्ड बन्दै मेरिल्याण्ड कलेज

**मध्यान्ह संवाददाता**
विराटनगर, १९ भदौ




शिक्षाको गुणस्तर आजको आवश्यकता । त्यही आवश्यकतालाई केन्द्रमा राखेर अघि बढिरहेको छ, मेरिल्याण्ड कलेज शैक्षिक क्षेत्रमा मेरिल्याण्ड एक ब्राण्ड नै हो भन्दा फरक पर्दैन । विराटनगरको रंगेलीमा रहेर विश्वको शैक्षिक परिवर्तनलाई नियाल्दै क्षमतावान जनशक्ति उत्पादन गरिरहेको छ, मेरिल्याण्ड कलेज । उत्कृष्टता, अनुशासित, जिम्मेवार र नेतृत्वदायी शिक्षाको पहिचान बनाउन सफल यो कलेज हरेक अभिभावक र विद्यार्थीहरुको पहिलो रोजाई बन्न सफल भएको छ । प्लस टु कलेजहरुको भिडमा आफ्नो छुट्टै ब्राण्ड बनाउन सफल यस कलेजले प्रयोगात्मक र समय सापेक्ष शिक्षामा जोड दिँदै आएको छ । कोरोना कहरसँगै पछिल्लो समय यस कलेजले अनलाइन अध्ययन अध्यापन पद्धतीलाई पहिलो प्राथमिकतामा राखेको छ ।

व्यवहारिक र जीवनउपयोगी ज्ञानलाई प्राथमिकतामा राखेको यस कलेजले विद्यार्थीको सोच, चाहना, क्षमता र लक्ष्य अनुसारको शिक्षा प्रदान गर्दै आइरहेको छ । नेपालको शैक्षिक जगतमा थुप्रै नविनतम प्रयोगहरु भित्र्याएको यस कलेजले उत्कृष्ट शिक्षा मात्रै प्रदान गरेको छैन विद्यार्थीको व्यक्तित्व विकासलाई पनि उत्तिकै महत्व दिएको छ ।

विराटनगरमा २०५९ सालमा स्थापना भएको उक्त कलेज हाल २० औं वर्षमा प्रवेश गरेको छ । व्यवस्थापन पढाइ हुने एक मात्र कलेज मेरिल्याण्ड कलेज नेपालमै सँधै टप १० मा पर्न सफल छ । २०७५ सालमा मेरिल्याण्ड कलेजका छात्राद्वय पूजा शाह र निशा पोखरेलले समान ३.९२ जिपिए अर्थात् नेपालमै सबैभन्दा बढी नम्बर ल्याउन सफल भएका थिए ।

'उच्च शैक्षिक वातावरण रहेको र विद्यार्थीलाई करिअर डेभलपमेन्ट अपरचुनिटीको प्रचुर सम्भावना रहेको यो कलेज हाल पनि काठमाडौं बाहिरका २ कलेजमध्येमा पर्दछ,' कलेजका प्राचार्य लक्ष्मण ढकालले भने, ' दक्ष, अनुभवि र सँधै माया र हौसला दिने शिक्षकहरु रहनु पनि यो कलेजको सफलता हो ।'

अहिले पनि मेरिल्याण्डबाट पास भएका विद्यार्थीहरु देश विदेशमा नाम राख्न सफल छन् । कलेजले विद्यार्थीलाई नियमित मूल्यांकन गरी वर्षै भरी विशेष कोचिङको व्यवस्था गर्ने कलेजमा शत प्रतिशतसम्म छात्रवृत्तीको पनि व्यवस्था छ । पूर्व मेचीदेखि जनकपुर, सिरहा, सप्तरीका विद्यार्थीको रोजाई नै मेरिल्याण्ड बनेको प्राचार्य ढकाल बताउँछन् । 'मेरिल्याण्ड कलेजले विद्यार्थीलाई महत्व दिने कुराले म अत्यन्त प्रभावित छु,' जनकपुरबाट अध्ययनका लागि मेरिल्याण्ड आएकी आयुषा साहले भनिन् । त्यस्तै धनकुटाका अभिभावक किशोर राईले आफ्नो छोरीले स्कुलभन्दा राम्रो पढेको भन्दै खुसी व्यक्त गरे ।

केही दिन अगाडि एक मिडिया हाउसको अध्ययनले मेरिल्याण्ड कलेज देरभरकै वेष्ट १० प्लस टु को सूचिमा परेको थियो । तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् र हालको राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षामा हासिल गरेको शैक्षिक परिणाम, शैक्षिक संस्थाले पूर्वाधारमा गरेको लगानी, पछिल्ला केही वर्षयता केन्द्रविन्दु नामक सञ्चार माध्यमले गरेको अध्ययन र अनुसन्धान गरेको थियो ।

सोही अनुसन्धानका आधारमा मेरिल्याण्ड उत्कृष्ट १० भित्र समेटिएको हो । 'हामीले नजिकबाट गरेको अध्ययन र अनुसन्धान, राम्रो 'प्लस टु' बन्न शिक्षण संस्थाले गरेको मेहनत, शिक्षण संस्थाबाट उत्पादित विद्यार्थीको 'प्लेसमेन्ट,' अध्ययन पूरा गरेका र अध्ययनरत विद्यार्थीको अनुभव, डिजिटल प्लेटफर्ममा कलेजको उपस्थितिलगायत मापदण्डका आधारमा राम्रा 'प्लस टु' छनोट गरिएको हो,' उक्त सञ्चार माध्यमले भनेको छ । सो संचारमाध्यामका अनुसार काठमाडौं बाहिरको विराटनगरको मेरिल्याण्ड कलेज नवौं स्थानमा छ ।

# गुल्मीको छत्रकोटमा ३१ जना किसानलाई पेन्सन




**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १९ भदौ

गुल्मीको छत्रकोट गाउँपालिकाले 'कृषाक पेन्सन'कार्यक्रम सुरु गरेको छ । किसानलाई प्रोत्साहित गर्दै कृषि क्षेत्रमा कृषकलाई आत्मनिर्भर बन्न गत आर्थिक वर्षदेखि नै यो कार्यक्रम लागू गरिएको गाउँपालिकाले जनाएको छ ।

कार्यक्रमअन्तर्गत मासिक १ हजार रुपैयाँका दरले 'कृषक पेन्सनको व्यावस्था गरिएको छ। व्यावसायिक खेति र पशुपालन गरिरहेका कृषकलाई उत्पादन र आम्दानीको आधारमा पेन्सन दिइने गाउँपालिका कृषि शाखा प्रमुख सपना भण्डारिले मध्यान्हलाई बताइन् । कार्यक्रममा करिव ३१ जना भन्द बढि कृषकले पेन्सन लिइरहेका छन ।

गाउँपालिकामा करिव २ सय भन्दा बढि कृषकहरु व्यावसायिक कृषि खेति गर्छन्। तर गाउँपालिकाले उत्पादन र आम्दानीको आधारमा व्यावसायीलाई क, ख र ग बर्गमा छुट्याएको गाउँपालिकाले जनाएको छ । पेन्सन लिनको लागि गाउँपालिकाको कार्यविधिमा भए अनुसार बार्षिक ३ लाख ४० हजार रुपैया भन्दा बढि आम्दानि गर्ने (क) वर्गको कृषकलाई पेन्सन दिने गाउँपालिकाले जनाएको छ ।

छत्रकोटका अधिकांश व्यावसायिक कृषकले मौसम अनुसार टमाटर, काक्रो र सुन्तलाबाट मनग्य फाइदा लिएका छन भने पशुपालनतर्फ बंगुर, खसि, बोका, कुखुरा आदिबाट राम्रो आम्दानी गर्दै आइरहेका छन् ।

छत्रकोटका अधिंकाश ठाउँमा बाटो पुगेको छ । कृषि पेशामा रमाएका कृषकलाई बाटो बनेपछि बजारीकरण गर्ने सुविधा भएको छ । छत्रकोट १ हुँगाका कृषक दानबहादुर पल्लीले कृषक पेन्सन कार्यक्रम सुन्दा खुसि लागेको मध्यान्हलाई बताए । उनि छत्रकोट गाउँपालिकाका व्यावसायिक कृषक हुन् । मासिक १ लाख रुपैयाँभन्दा बढि आम्दानी गर्ने पल्लीको कृषि फर्ममा १२ जनाभन्दा बढि कर्मचारी छन् । ञमासिक १ लाख बढि कमाई गरेपनि गाउँपालिकाले वास्ताविक कृषक पहिचान गरि पेन्सनको व्यावस्था गरेकोमा निकै खुसि लागेको छ ' उनले भने ।

यता गाउँपालिकाले २०७९ सम्म करिव एक सय कृषकलाई पेन्सन दिने लक्ष्य रहेको वडा नम्बर ५ का वडा अध्यक्ष कृष्ण पन्तले बताएका छन् । यो कार्यक्रम गर्ने छत्रकोट गाउँपालिका गुल्मीको पहिलो स्थानीय तह हो ।

# चौरसिया समाजको आयोजनामा नेपालगञ्जमा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज (बाँके), १९ भदौ



'रक्तदान जीवनदान' मूल नाराका साथ कोरोना महामारीको समयमा रगतको अभाव हुन नदिनका लागि पहिलो पटक चौरसिया समाज नेपाल जिल्ला कार्यसमिति बाँकेले आयोजना गरेको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् ।

शनिबार नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ८ नेपालगन्ज उद्योग वाणिज्य संघको अगाडि आयोजित रक्तदान कार्यक्रममा चौरसिया समाज बाहेकका पनि स्वयंसेवी रक्तदाताहरुले रक्तदान कार्यक्रममा रक्तदान गरेका छन् ।

चौरसिया समाज नेपालका केन्द्रीय अध्यक्ष शिवाजी चौरसिया, समाजका बाँके जिल्लाका अध्यक्ष रमेश कुमार नाग, डा. प्रकाश नाग, डा.रबि भूषण प्रसाद चौरसिया, पप्पु कुमार जायसवाल लगायतले संयुक्तरुपमा रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगञ्जका प्राविधिकलाई हस्तान्तरण गरेका थिए । सो रक्तदान कार्यक्रममा चौरसिया समाज नेपालका केन्द्रीय अध्यक्ष शिवाजी चौरसिया र बाँके जिल्लाका अध्यक्ष रमेश कुमार नागले १-१ पिन्ट रगत दिएर कार्यक्रमको उद्घाटन गरेका थिए ।

सो रक्तदान कार्यक्रममा बीरेन्द्र कुमार शर्मा, पप्पु गोडिया, कमलेश कुमार लखेर, पवन कुमार कुम्हार, दिनेश प्रसाद तमोली, रबिन्द्र कुमार तमोली, दिपक कुमार नाग, भरम रावत, अमर खत्री, राम गोपाल तमोली, बाउर तमोली, पंकज तमोली, बिनोद कुमार तमोली, बंशीलाल नाग, रितेश नाग, सन्तोष कुमार चौधरी, धर्म बडुवाल, रमेश तमोली, शिव कुमार जायसवाल, सुभेन्द्र तुलाधर, रोहित नाग, लगायतले रक्तदान गरेका थिए ।

शिरिष कुमार नागद्वारा सञ्चालित रक्तदान कार्यक्रममा डा. प्रकाश नाग, डा.रबि भूषण प्रसाद चौरसिया, महेन्द्र उच्च माध्यमिक विद्यालय रानी तलाव नेपालगञ्जका पूर्व प्राचार्य पूरन चन्द्र तमोली, चौरसिया समाज नेपालका केन्द्रीय अध्यक्ष शिवाजी चौरसिया र बाँके जिल्लाका अध्यक्ष रमेश कुमार नागले रक्तदाताहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

सो कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-११ पासाङ्ग ल्हामु मार्गस्थित रहेको बैष्णवी हस्पिटल प्रा.लि.का डा सुरेश कुमार नागको सहयोगमा समपूर्ण रक्तदाता लगायत अन्य सहभागीहरुको समेत निःशुल्क ग्लुकोज (सुगर) को जाँच राज कुमार यादव र सन्तोष ताम्राकारले गरेका थिए। कार्यक्रममा चौरसिया समाज बाँकेका सचिव रमेश चौरसिया, कोषध्यक्ष राजेन्द्र प्रसाद जैसवाल, समाजका सल्लाहकार परशुराम नाग, अनिता तमोली, मोतीराम तमोली, कसौंधन बैश्य समाज बाँकेका अध्यक्ष नन्दलाल बैश्य लगायत कोहलपुर नगरपालिका, जानकीगाउँपालिका र नेपालगञ्ज उप-महानगरपालिकाको विभिन्न ठाउँमा छरिएर बसोबास गरिरहेका समाजका स्वजातीय बन्धुहरुको पनि सहभागिता रहेको थियो । यसरी केही दिनमै समाजले कोहलपुर नगरपालिका वडा नं. १४ हवलदारपुरमा बाउर तमोलीको संयोजकत्वमा चौरसिया समाजको आयोजनामा गरिने भएको छ ।

सो रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्र नेपालगन्जका होमराज गिरी, सन्दीप आचार्य, उपासना सुनार, रिता न्यौपाने, केसरसिंह डाँगी, बीरेन्द्र योगी प्राविधिकमा सहयोग गरेका थिए ।

# बुंगलका कृषकहरुलाई कृषि सामग्री वितरण

**तरुणा जोशी/मध्यान्ह**
बझाङ, १९ भदौ



बझाङको बुंगलमा कृषकहरूलाई कृषि सामग्री वितरण गरिएको छ। बुंगल नगरपालिका-६ का मकै नमुना गाउँका कृषकहरुलाई कृषि ज्ञान केन्द्र बझाङले ५० लाख बराबरको कृषि सामग्री वितरण गरेको हो ।

मुख्यमन्त्री कृषि तथा पशुपंक्षी विकास कार्यक्रम अन्तर्गत बुंगलका मकै नमुना गाउँ डिन्नु, थलाकाडाँ र गैरि गाउँका ३ सय ५० जना कृषक तथा घरधुरीलाई विभिन्न कृषि सामग्री वितरण गरेको छ ।

जसमा ४ सय विउ सुकाउने पाल, ७ सय विउ राख्ने भकारी, ५ हाते ट्याक्टर र मकै बिक्री वितरण गर्नका लागि प्याकिङ गर्न ३ सय बोरा लगायतका सामग्रीहरू कृषकहरूलाई वितरण गरेको हो ।

शुक्रबार मुख्यमन्त्री मकै नमुना गाउँ कृषक समन्वय समिति बुंगल नगरपालिका-६ डिन्नुले आयोजना गरेको उक्त सामग्री वितरण कार्यक्रममा बोल्दै कृषक हरेन्द्र देवारले आफुहरु रैथाने बाली जोगाउनतर्फ लागेका र त्यसमा कृषि ज्ञान केन्द्रले पनि आफुहरुलाई सहयोग गर्दै आएको बताए । उनले भने, 'गाउँलाई मकैको राजधानी भनेर चिनाउनका लागी लागि परेका छौं,' उनले बताए ।

आफुहरुले बुंगलको मकै नमुना गाउँलाई मकैको राजधानी बनाउनका लागि यो वर्ष पनि २५ लाख बजेट थप गरिएको र कृषकहरुले उत्पादन गरेको मकै बाहिर पठाउने योजना रहेको राम्रो गरेपछि थप अन्य कार्यक्रमहरु पनि दिने कृषि ज्ञान केन्द्रका प्रमुख टेक बहादुर विष्टले बताए ।

हाइड्रो प्रालीले गाउँको मुनीबाट सुरुङ लगेपछि पानीका मुहान सुकेकाले धान उत्पादन हुन छोडेपछि त्यस क्षेत्रका स्थानीयहरु भोकमरी हुने भन्दै कृषि ज्ञानकेन्द्रमा पुगेका थिए । आफुले स्थानीयको ठाउँको अवस्था र समस्या लिएर आफुले प्रदेशमा जानकारी गराउँदा प्रदेशबाट मकै पकेट क्षेत्रका लागि ५० लाख छुट्याएको बिष्टले बताए ।

आ.व २०७७/२०७८ मा आएको ५० लाख बजेटबाट चालु खर्चतर्फ ३ लाख ९३ हजार ७ सय ९५ रकमबाट २ लाख ८३ हजार ७ सय ९५ खर्च भएको छ ।

त्यसैगरी पुँजी खर्चतर्फ जम्मा रु ४६ लाख ६ हजार २ सय ५ बाट रु ४४ लाख ४६ हजार २ सय ५ खर्च भएसँगै जम्म ४७ लाख ३० हजार खर्च भएको कृषि ज्ञान केन्द्रका प्रमुख टेक बहादुर विष्टले बताए । यस्तै कारोना महामारीका कारण काम गर्न असहज भएपछि ३ लाख फ्रिज गएको उनले बताए ।

कार्यक्रममा बोल्दै सुदुरपश्चिम प्रदेशसभा सदस्य देवकी मल्लले कृषकहरुलाई कृषि ज्ञान केन्द्रले दिएको कृषि सम्बन्धी सामग्री वितरणले कृषकको मनोबल उच्च राख्न सहयोग पुगेको बताए । कृषकहरुलाई गरिने सहयोगले नै कृषकहरुलाई कृषि पेशामा टिकाइराख्न सहज हुने भन्दै आफुबाट हुने सहयोग सधैं गरिरहने उनले बताए ।


## इन्द्रसरोवर गाउँपालिका
कुलेखानी, मकवानपुर

**नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस इन्द्रसरोवर गाउँपालिकाको आर्थिक विधेयक, २०७८को दफा १२को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेशले तोकेको दरमा इन्द्रसरोवर गाउँपालिकाको अधिनमा रही बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्युनतम वोलतत्र र कम (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी र कम | वोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | IRM/NCB/IR/01/078/079 | शेरा खोला, ठाडो खोला तथा महालक्ष्मी खोलाका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको बिक्री गर्ने तथा आन्तरिक आय सङ्कलन गर्ने | १७,२३,३२९.६२ | १,५५,०९,९६६.६ | कबोल अङ्कको ३% | ३,००० |
| २ | IRM/NCB/IR/02/078/079 | वडा नं. २ र ३का तोकिएका खोलाका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको बिक्री गर्ने तथा आन्तरिक आय सङ्कलन गर्ने | १५,६०,८३४.७१ | १,४०,४७,५१२.३९ | | ३,००० |

वोलपत्र सम्बन्धी शर्तहरुको लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com मा सम्पर्क गर्नुहोला अथवा www.indrasarowarmun.gov.np बाट पनि Download गर्न सकिनेछ ।

**वोलपत्रको सूचनामा संशोधन सम्बन्धी सूचना**

मिति २०७८/०५/१० गते प्रथम पटक प्रकाशित सूचनामा IRM/NCB/ADMIN-BUILDING/01/078-079 को लागि अनुभव सम्बन्धी विवरणमा गत १० वर्षमा कम्तीमा १० करोड रुपैयाको २ वटा, प्रकाशित ठेक्का योजनाको कार्य जस्तै कार्य गरेको हुनुपर्नेमा गत ३ वर्षमा १(एक) वटा कम्तीमा १२.३५ करोड रुपैया वरावरको योजनाको कार्य गरेको हुनुपर्ने हुन गएकोले सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।
यो सूचनामा उल्लेख गरिएको अनुभवको विवरणको आधारमानै वोलपत्र मूल्याङ्न हुने व्यहोरा समेत अनुरोध छ ।


**एमालेको...**

नेपाल जस्तो सरम नभएको मान्छे कतै नदेखेको समेत ओलीको भनाइ थियो। काठमाडौं महानगर कमिटीले गरेको भेलामा ओलीले पार्टीलाई एकताबद्ध बढाएर मुलुककै ठूलो पार्टी बनाउने बताए । "पार्टीलाई निष्ठावान, व्यक्तिगत स्वार्थमा कुद्ने नभई पार्टीको आर्दश उद्देश्य र कर्तत्वप्रति निष्ठावान बनाइने छ" ओलीले भने, "पार्टी अब अनुशासित र एकताबद्ध हुनेछ ।"

ओलीले आगामी निर्वाचनपछि पार्टीको सरकार बन्ने र मेलम्चीको पानी काठमाडौँमा आउने समेत बताए। आफूहरू जनताका बीचमा गएर आफूले गरेका राम्रो कामको प्रचार गरेर निर्वाचनमा जाने उनले बताए । सत्तापक्ष गठबन्धनविरुद्ध आफ्नो पार्टी एक्लै निर्वाचनमा जाने ओलीको चुनौती थियो । "उहाँहरूलाई मोर्चा कसेर एमालेका विरुद्ध चुनाव लड्न आग्रह गर्न चाहन्छु, त्यसैले मिलेर आए जमानत जोगिन्छ" ओलीले भने, "एमाले कुनै वैशाखी टेकेको पार्टी होइन। जनता र देशको विकास गर्ने पार्टी हो। त्यसका कारण पार्टी एक्लै चुनाव लडछ र चुनाव जित्ने छ।"

चीनसँग कुनै पनि सीमा विवाद नभएको र सीमा सम्बन्धमा छानबिन समिति बनाउन कुनै आवश्यक नभएको उनले बताए । एमालेले केही गलत व्यक्तिलाई उम्मेदवार बनाएको हुनाले एमालेको सरकार ढलेको आरोप लगाए। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका ओलीले आफू अलि धेरै थकित भएर सामान्य ज्वरो आएको जानकारी दिए ।

**सत्तारुढ...**

घटनाको छानबिन गर्न गठित समितिले मंगलबार गृहमन्त्री बालकृष्ण खाणलाई प्रतिवेदन समेत बुझाएको छ । उक्त प्रतिवेदनले एसएसबीका जवानको उपस्थिति रहेको समेत उल्लेख गरेको छ ।

तर भारतीय पक्षको हेपाहा प्रवृत्ति कायमै रहेको भन्दै राजधानी शहरमा सडक प्रदर्शन हुँदै आएको छ। शनिबार युवा संगठन नेपालले पनि सडक प्रदर्शन गरेका थिए । उनीहरुले पनि प्रदर्शनीमार्गमै सडक प्रदर्शन गरे । नेपालको सीमा क्षेत्रमा हवाई गस्ती हुनु, भारतीय विदेश मन्त्रालयका प्रवक्ताले हेपाहा अभिव्यक्ति दिनु र जयसिंह धामी बेपत्ता हुनुलाई सामान्य रुपमा लिन नमिल्ने भन्दै सडक प्रदर्शन हुँदै आएको छ ।

# बाढी पहिरोबाट प्रभावितलाई उचित व्यवस्थापन गर्न गृहमन्त्रीको निर्देशन

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १९ भदौ



सिन्धुपाल्चोकका बाढी प्रभावितलाई व्यवस्थापन र भत्किएका संरचनाको पुनर्निर्माण तत्काल गर्न गृहमन्त्री बालकृष्ण खाँणले निर्देशन दिएका छन् । शनिबार बाढीग्रस्त क्षेत्रको स्थलगत अवलोकन गर्न हेलम्बु र मेलम्ची पुगेका गृहमन्त्री खाँणले मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट हुने क्षति कम गर्न विभिन्न स्थानमा चेकड्याम बनाउनुपर्ने बताए ।

मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स तथा बस्तीहरु बचाउनका लागि कहाँ कहाँ कतिवटा ड्याम बनाउनु पर्ने भनेर विस्तृत अध्ययन गरिने उनले बताए । गृहमन्त्री खाँणसहितको टोलीले मेलम्ची नगरपालिकाको मेलम्ची बजार र सो वरपरका क्षेत्र तथा हेलम्बु गाउँपालिकाको वडा नम्बर-२ गणेशबजार क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो । गृहमन्त्रीसहितको सो टोलीमा सांसद शेरबहादुर तामाङ, पूर्व मन्त्री मोहनबहादुर बस्नेत, योजना आयोगका उपाध्यक्ष डा विश्व पौडेल, प्रदेशसभा सदस्य युवराज दुलाल र निमा लामा, गृह सचिव टेकनारायण पाण्डे, सडक विभागका महानिर्देशक अर्जुन थापा, सिँचाइ विभागका उपमहानिर्देशक प्रदीप थापा, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक अनिल पोखरेल र हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पा सहभागी थिए ।

गत असार १ र साउन १६ गतेको आएको वर्षाको कारण सो क्षेत्रमा ५ जनाको मृत्यु ६ घाइते र २० बेपता छन् । बाढीपहिरोले त्यहाँ १५ पुल, सडक खेत र सयौं घर टहरासहित ठूलो धनजनको क्षति भएको छ ।

# विदेशीको योजनामा नेपालले एमाले फुटाए : नेता पण्डित

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १९ भदौ



नेकपा एमालेका नेता तथा पूर्वमन्त्री लालबाबु पण्डितले विदेशीको योजनामा लागेर माधव कुमार नेपालले एमालेलाई कमजोर बनाउन खोजेको आरोप लगाएका छन् । मोरङको सुन्दरहरैंचामा पार्टीका कार्यकर्ताहरुलाई सम्बोधन गर्दै नेता पण्डितले यस्तो आरोप लगाएका हुन् । उनले नेपालले विदेशीको इशारामा एमाले पार्टी फुटाएको र धरासायी बनाउन खोजेको आरोप लगाए ।

पार्टीको गरिमा र पदको मर्यादा बिर्सिएर विदेशी इशारामा एमाले फुटाउनु र अर्को पार्टी गठन गर्नुले नेता नेपाललाई भविष्यमा ठुलो पछुतो हुने उनले बताए । नेता पण्डितले आफुले सही मार्गमा लागेका बेला माधवकुमार नेपाललाई सधैं साथ दिएको भएपनि गलत बाटोमा लागेकाले साथ दिन नसकेको तर्क गरे ।

सोही कार्यक्रममा बोल्दै एमाले नेता भानुभक्त ढकालले माधवकुमार नेपाल अब चाहेर पनि एमाले पार्टीमा फर्किन नसक्ने बताए । उनले नेकपा एमाले विभाजनका लागि सरकारले ल्याएको अध्यादेश अब सरकार आफैंलाई घाँडो भइरहेको समेत बताए ।

कांग्रेसभित्रै भिन्न भिन्न विचारहरु आइरहेकाले कतिबेला फुटको सघारमा पुग्छ पार्टीको सभापति तथा वर्तमान सरकारका प्रधानमन्त्री शेरबहादुर देउवालाई स्वयं थहा नभएको नेता ढकालले बताए ।

उनले केन्द्रमा एमालेभित्रै विभाजन देखिए पनि स्थानीयस्तरमा फुटको कुनै असर नपरेको र एकढिक्का भएको पाउँदा खुशी लागेको बताए । नेता ढकालले अब आउने निर्वाचनमा पनि देशकै सबैभन्दा ठुलो पार्टी नेकपा एमाले नै हुने दाबी समेत गरे ।

उनले मन्त्री पद पाउनका लागि गठबन्धनमा लागेकाहरुले मन्त्री पद नपाउनासाथ विद्रोह गर्ने अवस्था आउने भएकाले अहिलेसम्म मन्त्रिपरिषद् विस्तार गर्न नसकेको टिप्पणी गरे ।

मोरङको सुन्दरहरैंचामा आइतबार हुन लागेको जिल्ला भेलाका लागि एमाले नेताहरु यतिबेला जिल्ला र निर्वाचन क्षेत्रमा केन्द्रित हुँदै आएका छन् ।

**रुकुम डायरी**
**अर्जुन बिष्ट/मध्यान्ह**

# रुकुममा कांग्रेसको चुनावी चहलपहल



नेपाली कांग्रेसको गाउँपालिका, नगरपालिका र वडा अधिवेशन नजिए संगै जिल्ला भित्र चहलपहल बढेको छ । क्रियाशील सदस्यताको नामावली पुगेका ५६ जिल्लाका वडामा वडा अधिवेशन सुरु भए संगै पार्टीको वडा तहको निर्वाचनले कोरोनाका कारण सुनसान रहेको रुकुम पश्चिममा चहलपहल बढाएको हो ।

भदौ १८ गतेदेखि वडातहको निर्वाचन गर्नुपर्ने केन्द्रीय नीति अनुसार सो चुनावमा सहभागी हुन जिल्ला बाहिर रहेका कांग्रेसका कार्यकर्ता अहिले रुकुम आइसकेका छन् । वडा तहको निर्वाचनमा नेतृत्व चयनका विषयमा सदरमुकाम मुसिकोट खलंगामा कांग्रेसको छलफल भइरहेको छ ।

शुक्रबारदेखि हुने भनिएको वडा तहको निर्वाचन पार्टी भित्रको आन्तरिक छलफल नमिलेकोले भदौ २३ गतेबाट जिल्लाका ७३ वटै वडामा सुरु हुने कांग्रेस रुकुम पश्चिमले जनाएको छ ।

रुकुम पश्चिमका छ वटा स्थानीय तहका ७३ वडामा भदौ २३ गते निर्वाचन हुने कांग्रेस कार्यसमिति जिल्ला उपसभापति धिरेन्द्र कुमार बटालाले मध्यान्हलाई जानकारी दिए । कांग्रेसको वडादेखि जिल्ला तहसम्मको अधिवेशन निर्धारित समयमा सम्पन्न गर्ने बटालाले बताए । रुकुम पश्चिमको निर्वाचन सम्पन्न गराउन पार्टीले मुक्ति आचार्यलाई निर्वाचन अधिकृतको जिम्मेवारी दिएको छ ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिका संयोजक महादेव यादवले वडा तहमा निर्वाचन सम्पन्न गर्नका लागि हरेक वडामा एक जना मतदान अधिकृत खटाएको जानकारी दिए ।

जिल्लामा पार्टीको केन्द्रीय निर्वाचन समितिले खटाएको जिल्ला निर्वाचन अधिकृतले सबै वडामा एक एक जनाका दरले मतदान अधिकृत खटाइने यादवले बताए । वडा तहको निर्वाचन सम्पन्न भएपछि स्थानीय तहको निर्वाचन हुने भएको छ । रुकुम पश्चिममा तीन नगरपालिका र तीन गाउँपालिका छन् । कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत गाउँ/नगरपालिकास्तरको अधिवेशन भदौ २७ गते हुने भएको हो ।

जिल्ला अधिवेशन, प्रदेशसभा क्षेत्रीय अधिवेशनको लागि आन्तरिक छलफल भैरहेको कांग्रेस रुकुमले जनाएको छ । आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा अधिवेशन असोज ५ गते तोकिएको छ ।

त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म हुने छ । केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गते हुने निर्णय भइसकेको छ । नेपाली कांग्रेस पार्टीको विधानअनुसार क्रियाशील सदस्यता प्राप्त गरेको एक वर्ष पुगेको सदस्य मात्र नगर वा गाउँ वडा कार्यसमितिको सभापतिको निर्वाचनमा उम्मेदवार बन्न पाउने छ ।

# भारतबाट घर फर्किएका नेपालीलाई नशालु पदार्थ खुवाएर लुटपाट

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १९ भदौ





भारतबाट घर फर्किएका एक नेपालीलाई नशालु पदार्थ खुवाएर लुटपाट गरिएको छ । दोधारा चाँदनी नगरपालिका ८ सुन्दरनगरका नर बहादुर बुढालाई घर फर्किने क्रममा बाटोमा नशालु पदार्थ खुवाएर लुटपाट गरिएको हो ।

भारतीय सुरक्षाकर्मीले बेहोस अवस्थामा पश्चिमी सीमा नका गड्डाचौकी पुऱ्याएका बुढाबाट नगद १५ हजार र एक थान मोबाइल लुटिएको छ । उनी भारतीय सीमावर्ती सहर वनबासामा अलपत्र अवस्थामा भेटिएका हुन् ।

सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण हेड क्वाटर शैलेश्वरीका इन्चार्ज प्रहरी उपरीक्षक विरेन्द्र बहादुर ऐरले भारतीय सुरक्षाकर्मीले वनबासाबाट उद्धार गरी गडडाचौकी नाका पुऱ्याएपछि उनलाई इलाका प्रहरी कार्यालयको जिम्मा लगाएर महाकाली अस्पताल पुऱ्याइएको बताए ।

सशस्त्र प्रहरी उपरीक्षक ऐरका अनुसार बुढालाई बाटोमा नशालु पदार्थ खुवाएर लुटपाट गरिएको छ । उनी अलपत्र अवस्थामा वनबासामा छाडिएका थिए ।

सशस्त्र प्रहरीले भारतीय सुरक्षाकर्मीसँग समन्वय गरी बुढालाई लुटपाटमा संलग्न व्यक्तिको खोजी थालेको छ । सशस्त्र प्रहरीको बिओपी गड्डाचौकीका सशस्त्र प्रहरी निरीक्षक प्रेम सिंह ठगुन्नाको नेतृत्वमा बुढाको उद्धार टोली परिचालन गरिएको छ ।

# मदन भण्डारी फाउण्डेसनको पहिलो जिल्ला अधिवेशन सम्पन्न, अध्यक्षमा शाह




मदन भण्डारी फाउण्डेसन जिल्ला समिति रुकुम पश्चिमको पहिलो अधिवेशन सम्पन्न भएको छ । शनिबार मुसिकोटस्थित मदन आश्रित भवन बागबजारमा भएको पहिलो अधिवेशनबाट फाउण्डेसनले नयाँ कार्य समिति चयन गरेको छ । जिल्ला अध्यक्ष नारायणकुमार शाहको अध्यक्षतामा सम्पन्न भएको अधिवेशनले ११ सदस्यीय नयाँ कार्य समिति चयन गरेको हो ।

नयाँ पदाधिकारीमा भूमि व्यवस्थापन आयोग रुकुम पश्चिमका पूर्व अध्यक्ष तथा नेकपा एमाले कर्णाली प्रदेश कमिटी सदस्य नारायणकुमार शाहलाई अध्यक्षको जिम्मेवारी दिइएको छ ।

त्यस्तै उपाध्यक्षमा पहल बहादुर खड्का, सचिवमा अधिवक्ता रचना मल्ल, सहसचिव चुडामणी गौतम, कोषाध्यक्ष वसन्ती नेपाली र प्रदेश प्रतिनिधिमा लोक बहादुर केसी, तुलसा मल्ल र खड्क बस्त्राकार रहेका छन् । तत्कालीन नेकपा (एमाले) का महासचिव भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा भएको जीप दुर्घटनामा निधन भएको थियो ।

भण्डारीको जन्म विसं २००९ असार १४ गते ताप्लेजुङको ढुङ्गेसाँघुमा भएको थियो । कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिकरण गराउन 'जनताको बहुदलीय जनवाद' को सैद्धान्तिक कार्यक्रम ल्याएकामा भण्डारीको विशेष योगदानमा मदन भण्डारी फाउण्डेसन स्थापना गरिएको मानिन्छ ।

# पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा डा.थापा

**काठमाडौं/मस-** पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा डा मिलनकुमार थापा नियुक्त भएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार थापालाई चार वर्षे कार्यकालका लागि सदस्य सचिवमा नियुक्त गरेका पशुपति क्षेत्र विकास कोषले जनाएको छ । यसअघि चार वर्षे कार्यकाल कोषको कोषाध्यक्षका रुपमा काम गरेका थापाले शुक्रबार नै कार्यालयमा गई पदबहाली गरेका छन् ।


## INVITATION FOR BID

### Swami Kartik Khapar Rural Municipality

## Office of Rural Municipal Executive

**Suijiula Wai Bajura**

**SudurPaschim Province**

**Date of Publication: 2078/05/20 (5-Sept-2021)**

1. Swami Kartik Khapar Rural Municipality office invites electronic bids from Nepalese eligible bidders for the following Project Under National Competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at theoffice of Swami Kartik Khapar Rural Municipality Wai Suijiula Bajura phone no 9848175643 email ito.swamikartikmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company/firm registration certificate, Business Registration Certificate, Declaration letter, letter of bid Through PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of **NRs.3,000.00** (**Three thousand Rupees Only**) in the Project's Rajaswa (revenue) account as specified below and Scanned copy ( pdf format) of the bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bid.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of office : Swami Kartik Khapar Rural Municipality suijiula Wai Bajura.
   Name of Bank : Himalayan Bank ltd. Suijiula wai Bajura Branch.
   Bank Account No : 07108996600010
   Office Code No : 801076908
   Revenue Title No : 14229
5. Electronic bids must be submitted to the office swami Kartik khapar Rural Municipality through PPMO's e-GP system www. bolpatra.gov.np/egp on or before **12:00 hrs. 2078/06/19 (5-Oct-2021**) Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at**13:00 hrs. 2078/06/19 (5-Oct-2021**) at the office of Swami Kartik Khapar Rural Municipality Wai Suijiula Bajura Bids must be valid for a period of 90 after bid openingand must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Below Mentioned which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 days)** and submit bid security in theform of cash should be deposited (Dharauti) Account as **07108996600026** at Himalayan Bank ltd. Branch office Suijiula wai Bajura.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Contract Id. No. | Name of Project | Cost Estimate (Without Vat ) NRs. | Bid Security Amount (NRs) | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | SKKRM/NCB/WORK/01/078/79 | Construction of Shambhu Sunanda Ma. Vi. School Building Skkrm-03 Jukot Bajura. | 104,055,24.2 | 300,000 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 2. | SKKRM/NCB/WORK/02/078/79 | Track Opening Ranisain to Migu Rural Road Skkrm-03,04,05 Bajura. | 885,4159.67 | 25,0000 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 3. | SKKRM/NCB/WORK/03/078/79 | Jebaale Khanepani Nirman Yojana Skkrm-03 Jukot Bajura. | 556,5751.31 | 160,000 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 4. | SKKRM/NCB/WORK/04/078/79 | Construction of Bhairav Nath Primary School Building Skkrm-03 Jukot Bajura. | 436,2601.14 | 125,000 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 5. | SKKRM/NCB/WORK/05/078/79 | Barku Khanepani Nirman Yojana Skkrm-02 Bajura. | 341,3891.33 | 970,00 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 6. | SKKRM/NCB/WORK/06/078/79 | Jera Sichai Kulo Nirman Yojana Skkrm-05 Jera Bajura. | 221,6595.91 | 650,00 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |
| 7. | SKKRM/NCB/WORK/07/078/79 | Construction of Mandali Aadharbhut School Building Skkrm-01 kholikot Bajura. | 249,9781.60 | 710,00 | 5-Oct-2021 12:00 hrs. | 5-Oct-2021 13:00 hrs. | 3000 |

**Chief Administrative Officer**

## सम्पादकीय

# कार्यकर्ताको परीक्षण

नेपाली काँग्रेस नेपालको पुरानो राजनीति शक्ति हो। काँग्रेसले व्यवस्था परिवर्तन र लोकतन्त्रका निम्ति लामो समय संघर्ष गरेको छ। राणा, राजा, पञ्चायत, नेकपा माओवादीद्वारा सञ्चालित सशस्त्र विद्रोह, जनजाति तथा मधेश विद्रोह सवै काँग्रेसको राजनीतिक जीवनले खेपेको छ। पञ्चायतको कठोर दिनहरूमा समेत काँग्रेसले लोकतन्त्र प्रति सम्झौता रहित आन्दोलन गरेको छ। तर काँग्रेससँग पनि प्रशस्त कमजोरी छन्। पटकपटक व्यवस्था परिवर्तनको आन्दोलन गर्नुको अर्थ काँग्रेसकै कमजोरीको उपज हो। यदि काँग्रेसले प्राप्त उपलब्धी जोगाउने सामर्थ्य राखेको थियो भने पटकपटक लोकतन्त्र प्राप्तिका निम्ति लड्नुपर्ने परिस्थिति नबन्न सक्थ्यो। २००७ साल, २०४६ साल र २०६२/०६३ को जनक्रान्तिको नेतृत्व गरेको काँग्रेस यति नै पटक प्रतिबन्धित बन्यो, लोकतन्त्र खतरामा पर्‍यो।

तर फेरि पनि काँग्रेस लोकतन्त्रका निम्ति लड्ने र जित्ने नियति दोहोरिदै आयो। अर्थात् व्यवस्था परिवर्तनमा काँग्रेस नेतृत्व जति सफल हुन्छ, प्राप्त उपलब्धी संरक्षण गर्न त्यतिकै चुकेको पनि सत्य हो। यसलाई अर्को कोणबाट समेत व्याख्या गर्न सकिन्छ, त्यो हो काँग्रेसले आन्तरिक लोकतन्त्र जोगाउन सक्दैन। जसको असर मुलुकको लोकतन्त्रमाथि मडारिन पुग्छ। अहिले काँग्रेस १४औं महाधिवेशनको क्रममा छ। तर १४औं महाधिवेशन पनि सहज तरिकाले हुन सकेको छैन। यदि काँग्रेस नेतृत्वले सहज तरिकाले आफ्नो सम्पन्न गर्थ्यो भने डेढ वर्षअघि नै नेतृत्व परिवर्तन भइसक्ने थियो। किनकि काँग्रेस विधानले हरेक चार वर्षमा नेतृत्व परिवर्तन गरिने व्यवस्था गरेको छ।

तर काँग्रेसले पार्टी विधानको व्यवस्था नभएर संवैधानिक बाध्यतामा गुज्रिदै अगाडि बढेको छ। शुक्रबार वडा अधिवेशन गरेर काँग्रेस तीन महिनासम्म महाधिवेशनको अवधिमा रहँदैछ। तीन महिना लामो महाधिवेशन कार्यतालिका काँग्रेसले पार्टीको वैधानिकता जोगाउनकै निम्ति भएको हो। यी सव काँग्रेस नेतृत्वको अक्षमताकै कारण भएको हो। लोकतन्त्रको सामान्य नियम हो- नेतृत्व चयन कार्यकर्ता/जनताको हातबाट तय हुन्छ। अर्थात् लोकतन्त्रको पर्याय मान्ने काँग्रेस पंक्तिका निम्ति अहिलेको समय विशेष छ। किनकि यसपटक चयन हुने नेतृत्वले फेरि अर्को चार वर्ष काँग्रेस चलाउनुपर्नेछ। अहिले जस्तो नेतृत्व चयन हुन्छ, त्यसको असर मुलुक र पार्टी जीवनमा प्रतिविम्वित हुनेछ। अतः यो तीन महिना काँग्रेस कार्यकर्ताका निम्ति गम्भीर विमर्श र विवेक प्रयोग गरिने अवधि हो।

## सामाजिक सञ्जाल



भूराजनीतिक बाछिटा नेपालको लागि घनघोर वर्षा जत्तिकै संवेदनशील हुँदैछ। अफगानिस्तानको काँधमा बन्दुक राखेर पाकिस्तानमा पड्काउने भारतीय रणनीति असफल भएपछि भारत, चीन र अमेरिकाको त्रिपक्षीय संबन्धको मामिलामा नेपाल कुहिरोको काग बन्दैछ। र, 'बौद्धिक' जमात 'बुद्धु' राजनीतिको गलत फाईदा लिदैंछ।

- **मुमाराम खनाल**



देशलाई गरिब बनाउने कर्मचारी र नेता हुन तर, यीनैलाई पदमा हुँदा मात्र नभई अवकाश पछि पनि पेन्सन र उपचार खर्च, गाडीको सुविधा छ। उता राज्यलाई कर तिर्ने नागरिकले भने दैनिक मजदुरी गर्छुभन्दा नपाएर विदेशीनु पर्ने स्थिति छ। तर कर्मचारी र नेता आजिवन कामै नगरी बाच्ने व्यवस्था छ। देश कसरी बन्छ ?

- **राधाकृष्ण कटवाल**



वचन र अडानको ठेगान नभएका वामदेव गौतमले छाड्न पनि के–के छाडेका हुन् गाँड्ते ! चुनाव हारेका मान्छेले राष्ट्रिय सभा ओघटेर गति छाडे। जसरी नि प्रधानमन्त्री बनाइ पाऊँ भनेर मति छाडे। घरी ओली गुट छाडे, घरी माधव गुट छाडे। आज एमाले छाडेछन्। यिनले अब लुगा लाउन छाड्न मात्रै बाँकी रह्यो त !

- **खगेन्द्र संग्रौला**



एमसीसीको अन्तर्य बुझ्न नपाएको जनस्तरमा व्यापक विरोध र संशय दुवैले घर गरेको छ। यसको वास्तविक यथार्थ जनसमक्ष नल्याई पारित गर्न खोज्नु कालान्तरमा देश र जनताको लागि काउछो हुनसक्छ भन्ने विभिन्न देशका घटनाक्रमले प्रष्ट पारिसकेको सन्दर्भमा देशलाई बर्बादीको दिशातिर धकेल्ने उल्टो काम नगरौं।

- **ओमकुमार थापा**



आज्ञा बिना आकाशबाट हाम्रो देशको निरिक्षण, तुईन काटेर हत्या, बेमौसमी रक्षाबन्धन, छिमेकी राजदूतको सकृयता। देशमा हामी जनता मात्र सार्वभौम। पुराना पार्टी र तिनका नेताहरू हाका हाकी विदेशीका गुलाम। नेपाल र नेपालीमाथि हुने हरेक आक्रमणको भागिदार यस्ता पार्टी, सरकारको विरूद्ध आवाज बुलन्द गरौ।

- **पुरूषोत्तम ढुंगेल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# अलपत्र नहोस् शैक्षिक बेरोजगारका कार्यक्रम


**सरकारले बजेटमार्फत शैक्षिक प्रमाणपत्र धितोमा राखेर कर्जा दिनेगरी ल्याएको यस्तो कार्यक्रम विगत ४ वर्षयता निरन्तर आइरहेको छ । विगत वर्षमा १० लाखको सीमा रहेपनि यसपटक ५ प्रतिशत ब्याजदरमा २५ लाखसम्म ऋण दिइने भनेर कार्यक्रम आएको छ । यसरी आफुले पढेको शैक्षिक प्रमाणपत्र धितोमा राखेर उद्यम व्यवसाय गर्न मोटो रकम ऋण पाइने भएपछि युवाहरु खुशी नहुने कुरै भएन ।**



● रिसव गौतम

अघिल्लो सरकारले चालु आर्थिक वर्षको लागि शिक्षित बेरोजगारलाई लक्षित गर्दै शैक्षिक प्रमाणपत्र धितोमा राखेर २५ लाखसम्म सहुलियतपूर्ण कर्जा दिने कार्यक्रम ल्याएको हो । सो सरकारका अर्थमन्त्री विष्णु पौडेलले बडो उत्साहका साथ शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा दिने कार्यक्रम घोषणा गरेका थिए । यद्यपी बजेट कार्यान्वयनमा जान नपाइ सरकार बदलिएको छ । अर्थमन्त्री बदलिएका छन् । सरकारको प्राथमिकताहरु बदलिएका छन् । नयाँ बनेको सरकारका अर्थमन्त्री यतिबेला परिमार्जित बजेटको तयारीमा छन् । त्यसकारण ओली सरकारले ल्याएको सो कार्यक्रमको कार्यान्वयन होला त ? सो कार्यक्रम फेरी पनि प्राथमिकतामा पर्ला त ? भन्ने संशय खडा छ । यद्यपी नयाँ सरकारका अर्थमन्त्री जर्नादन शर्माको अभिव्यक्तिहरु सुन्दा सरकारले युवा उद्यमशीलता अभिबृद्धि गर्न यस कार्यक्रमलाई प्राथमिकता दिन्छन् भन्ने लाग्दछ ।

ओली सरकारले चालु आर्थिक वर्ष २०७८/७९को बजेटमार्फत ल्याएको यस कार्यक्रमको युवाहरुले व्यापक स्वागत गरे । सामाजिक सञ्जालहरुमा यस कार्यक्रमबारे विभिन्न प्रतिकृया आएका छन् । प्रतिक्रियाहरु जे-जस्ता भएपनि शैक्षिक बेरोजगारीले आक्रान्त युवाहरुको अन्तहृदयले नै यस कार्यक्रमलाई स्वागत गरेको छ । यद्यपी सरकारले बजेटमार्फत शैक्षिक प्रमाणपत्र धितोमा राखेर कर्जा दिनेगरी ल्याएको यस्तो कार्यक्रम विगत ४ वर्षयता निरन्तर आइरहेको छ । विगत वर्षमा १० लाखको सीमा रहेपनि यसपटक ५ प्रतिशत ब्याजदरमा २५ लाखसम्म ऋण दिइने भनेर कार्यक्रम आएको छ । यसरी आफुले पढेको शैक्षिक प्रमाणपत्र धितोमा राखेर उद्यम व्यवसाय गर्न मोटो रकम ऋण पाइने भएपछि युवाहरु खुशी नहुने कुरै भएन ।



यद्यपी यस कार्यक्रमको कार्यान्वयन हुन्छ वा हुँदैन त्यो बढी त सरकारको इच्छाशक्ति तथा पहलकदमीमा भर पर्छ । विगतको अवस्था हेर्ने हो भने शैक्षिक प्रमाणपत्र धितोमा राखेर सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने कार्यक्रम पूर्णँतया विफल भएको अवस्था हो । यस कार्यक्रमबारे सरोकारवालाहरुले समेत मुख खोलिसकेका छन् । शैक्षिक प्रमाणपत्र बोकेर बैंक जाँदैमा ऋण २५ लाख ऋण पाइने होइन् भनेर गर्भनर महाप्रसाद अधिकारीदेखि विभिन्न बैकका कार्यकारी प्रमुखहरुले सार्वजनिक रुपमा प्रष्ट पारिसकेका छन् । यद्यपी बैकहरुहरु स्पष्ट एवं भरपर्दो कार्यविधि आए यस कार्यक्रमलाई अघि बढाउने पक्षमै खुलेका छन् । अहिले सार्वजनिक रुपमा यसबारे बहस पनि भइरहेको छ ।

**शैक्षिक बेरोजगारी र उद्यमशीलता**

नेपालको अहिलेको जड समस्या भनेको शैक्षिक बेरोजगारी नै हो । त्यसकारण शैक्षिक बेरोजगारीलाई सम्बोधन गरिनु सरकारको पहिलो प्राथमिकता हुन जरुरी छ । सरकारले हालका वर्षहरुमा स्वदेशी स्तरमा नै उद्यमशीलताको विकास गर्ने र युवाहरुमा नविनतम सोंच तथा ज्ञानको सदुपयोग गर्ने लक्ष्य साथ स्टार्टअफ फण्डको अवधारणा पनि ल्याइरहेको छ । भलै त्यो पनि लागु भइरहेको छैन । कुनै नयाँ नविनतम व्यवसायिक योजनालाई धितो राखेर एक प्रतिशत ब्याजदरमा त्यसमा पनि २५ लाखसम्म लगानी गर्ने कार्यक्रम आगामी बजेटमा पनि समावेश छ । मुलत शैक्षिक प्रमाणपत्र धितो राखेर २५ लाखसम्म सहुलियतपूर्ण ऋण दिइने भनेर आएको कार्यक्रम र स्टार्टअफ फण्डसम्बन्धी कार्यक्रम लगभग उस्तै-उस्तै नै हुन् । दुवैको उद्देश्य बेरोजगारी घटाउने र उद्यमशीलता बढाउने नै हो । यी दुबै कार्यक्रम आजको व्यवसायिक प्रतिस्पर्धाको युगमा नविनतम छन् । यीनको प्रभावकारी कार्यान्वयन मुख्य पाटो हो ।

खासगरी शैक्षिक युवाहरुलाई विकास निर्माणमा परिचालन गर्ने र तिनीहरुलाई रोजगार तुल्याइ उद्यमी बनाउने अवधारणाबाट यी कार्यक्रम आएका हुन् । वास्तवमै यस अवधारणा राष्ट्रको आर्थिक-सामाजिक विकास र सन्तुलनको लागि अत्यन्त वैज्ञानिक छन् । हालका वर्षहरुमा नेपालमा हजारौं हजार युवाहरुले उच्च शिक्षा हासिल गर्न थालेका छन । तर त्यसरी शिक्षित हुनेहरुको संख्या बढेसँगै रोजगारी बढ्न सकेको छैन । स्वदेशमा रोजगारीको अवसर सिर्जना हुन नसक्दा यतिबेला विश्वभर नेपाली युवाहरुको पलायन बढीरहेको छ । शैक्षिक कर्जा र स्टार्टअप फण्ड खासगरी शैक्षिक युवाहरु जोसँग नविन सोंचहरु छन्, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका विश्वविद्यालयहरुमा अध्ययन गरेर हासिल भएका नविनतम ज्ञान छन् तर, स्वदेशमै केही गर्नका लागि पेसा छैन । तिनिहरुकै लागि यी कार्यक्रम आएका हुन् । त्यस्ता नविनतम ज्ञान, सिप तथा सोंच भएका तर, पैसा नभएर केही गर्न नपाएकाहरुलाई उनीहरुको ज्ञानको प्रयोग गरी थप रोजगारी र अवसर सिर्जना गर्नु आवश्यक छ । त्यसका ऋण दिने र लिन खोज्ने दुवै सरोकारवाला पक्षले सकारात्मक सोंच र इमान्दारिताका साथ यी कार्यक्रम सफल बनाउन जरुरी छ । वास्तवमा यस्ता कार्यक्रम स्वदेशमै केही गर्न चाहने पढेलेखेका युवाहरुको लागि अत्यन्त महत्वपुर्ण अवसर हो । तर यस कार्यक्रमबारेको जनचेतना कमजोर देखिन्छ । खासगरी युवा जनशक्ति सिर्जनशिल भएपनि अर्धय हुने भएकोले यस कार्यक्रमहरु कम झन्झटिलो र बहुप्रभावकारी एवं युवा आकर्षित हुन जरुरी छ ।

हालका वर्षहरुमा बैंकहरुमा तरलता बढी रहेपनि लगानीका क्षेत्रहरु संकुचित छन् । सरकारले लगानीको वातावरण बनाउन सकेको छैन । लगानीका क्षेत्रहरु विस्तार हुन सकेका छैनन् । नयाँ-नयाँ व्यवसायिक परियोजनाहरु अघि बढाउनका लागि आवश्यक पूर्वाधारको पनि व्यवस्था हुन सकेको छैन ।

खासगरी नेपालमा प्रायः पढ्ने एकाथरि र काम गर्ने अर्काथरिको उल्टो परम्परा कायम छ । थोरैका लागि बाध्यता भएपनि धेरैका लागि भने यो संस्कारगत रुढीपना सिवाय अरु होइन । जस्तो व्यवस्थापनको एउटा विद्यार्थीले अध्ययनको क्रममा जीवनभर व्यवसायको उद्‌भव, बजार विश्लेषण, बजार रणनीति, नयाँ बजारको सम्भावना, व्यवस्थापनका सुत्रहरु, नयाँ व्यवसायको सम्भावनाको अध्ययनका गणितीय सुत्रहरु, लेखा विधिहरु जस्ता अनगिन्ती व्यवसाय व्यवस्थापनको विधि-प्रक्रियाको अध्ययन गरेको हुन्छ । ठेलीका ठेली पढेर उच्च शिक्षा हासिल गर्दछ भने उसले सोही विषयमा काम गर्ने आँट किन गर्न सक्दैन ? खासगरी व्यवसायिक शिक्षा हासिल गरेर पनि त्यही क्षेत्रमा काम नगर्नुमा पुँजी अभाव नै एउटा प्रमुख समस्या हो । त्यस्तो समस्या हल गर्न शैक्षिक प्रमाणपत्र धितो राखेर सहुलियतपूर्ण कर्जा लिइ नयाँ व्यवसायिक लगानी बढाउन सकिने हुन्छ ।


हाम्रोमा उच्च शिक्षा हासिल गरी श्रम बजारमा जे-जति आउने गरेका छन्, तिनको काम भनेको सामान्यतः कुनै स्कुल-कलेजमा एकदुई घण्टी पढाएर जीवन गुजार्नेसम्मको हुने गरेको पाइन्छ । जब कि एउटा वाणिज्य शास्त्रको विद्यार्थीले स्नाकोत्तर अध्ययन पुरा गर्दासम्म अरबौं अर्ब रुपैयाँको व्यवसायिक कारोबार गर्ने विधि, दीर्घकालीन र अल्पकालीन महत्वका ठुला-ठुला रणनीति निर्माण, योजनाहरु निर्माण र सञ्चालनका विधि प्रक्रियाहरुको अध्ययन गरेको हुन्छ । यस्तो परिप्रेक्ष्यमा उच्च शिक्षा हासिल गरी श्रम बजारमा आउने व्यक्तिले कुनै अनुत्पादक क्षेत्रमा जीवन खेर फाल्नु राज्यकै लागि लाभप्रद हुन सक्दैन ।

व्यवसायिक शिक्षा हासिल गर्ने विद्यार्थीहरु यसरी नै अनुत्पादक क्षेत्रमा अल्झिरहन्छन् र तिनको शिक्षाअनुसारको पेशा व्यवसायमा लाग्न सरकारले आवश्यक नीति कार्यक्रम ल्याएर कार्यान्वयनमा जोड दिन सकेन भने मुलुकको विकास अपुरो सपना मात्रै हुन्छ । विद्यालय शिक्षाको एक कक्षामा सय जना विद्यार्थी भर्ना भएका मध्ये स्नाकोत्तर तह उतिर्ण गर्ने बेलासम्म जम्मा एक वा बढीमा दुई जना हुन्छन् भन्ने अनौपचारिक तथ्यांक छन् । यसरी फिल्टर भएर आएको शैक्षिक जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु आजसम्मको बिडम्बना हो । तर यसपटक बजेटले ल्याएको शैक्षिक कर्जा कार्यक्रमले शिक्षित बेरोजगारको शिक्षाको महत्व र उनीहरुका पीडा बुझेको छ ।

तसर्थः राज्यले उच्च शिक्षा (डिग्री) हासिल गर्ने विद्यार्थीहरुलाई उद्यमी बनाउने नीति यसरी तय गर्नुपर्छ । साथै बेरोजगारहरुलाई रोजगार बनाउने यस्ता कार्यक्रमको अनेक कठिनाइ र जोखिमको बाबजुत कार्यान्वयन गर्ने हिम्मत सरकारले देखाउनु पर्छ । जसले मुलुकमा नयाँ उद्योग कलकारखानाको उदय गराउन र आर्थिक विकास गर्न निकै सहयोग गर्दछ । उद्यमशीलताको माध्यमबाट उद्यमीमात्र नभै सिँगै राष्ट्र र जनताले फाइदा उठाउन सक्छन् । राज्यले एकजना मात्र थप उद्यमी सिर्जना गर्नु भनेको राजश्व अभिबृद्धि गर्नु, विकास बजेट बढाउनु, रोजगारी बढाउनु, विदेशी वस्तु एवं सेवाको प्रतिस्थापन गर्नु, पूजी निर्माण गर्नु, निर्यात व्यापार बढाउनु, द्वन्द्व व्यवस्थापन गर्नु, आत्मनिर्भरता बढाउनु, सामाजिक सन्तुलन कायम गर्नु हो अर्थात् यावत आर्थिक परिसुचांक बलियो बनाउनु हो । त्यसकारण शैक्षिक प्रमाणपत्र धितोमा राखेर २५ लाख सहुलियत ऋण प्रदान गर्ने बजेटको कार्यक्रम भव्य रुपमा लागु होस् ।

*(गौतम स्वतन्त्र आर्थिक लेखक हुन् ।)*

# व्याप्त भ्रष्टिकरणको जालो !



● मोदनाथ मरहट्टा

समाज सञ्चालनमा केही नीति, विधि, कानुन, नियमहरू हुन्छन् । कतिपय ऐन नियम राज्यले नै निर्धारण गरेको हुन्छ भने कतिपय अलिखित तर सर्वमान्य हुन्छन् । धर्म, संस्कृति, परम्परा, विचार राजनीति, दर्शन आदिको क्षेत्रमा सीमा परिधिको निर्माण र लागु गरिएको हुन्छ । युगको विकास र परिवर्तन हुँदै आउँदा कतिपय पुराना विषयहरू मेटिन्छन् र नयाँ मान्यताहरू आउँछन् । युगको गति एकैनाश भइरहँदैन, फेरिन्छ, फेरिई रहन्छ ।

फेरिने मामिलामा कतिपय विषयहरू सोझो सपाट र विवेकशील रूपले विकसित हुन्छन् भने कतिपय विषयहरू दिक्क लाग्दो र भ्रष्टिक हुन्छन् । भ्रष्ट शब्दले बिग्रनु, भत्कनु, गिर्नु भन्ने बोध गराउँछ । भ्रष्टआचरण भन्नाले बिग्रेको वा नीति नियमको उल्लंघन गर्ने चरित्र भन्ने बुझाउँछ । हाम्रो समाजमा भ्रष्टाचार भन्नाले सरकारी कर्मचारी वा राजनीतिक नेता कार्यकर्ताले पदीय आचरणको दुरूपयोग गरी धन आर्जन गरिएको भन्ने बुझिन्छ । भ्रष्टिकरण भन्नाले भइरहेको अवस्था बिगार्नु वा भ्रष्ट परम्परा बसाल्नु भन्ने बुझिन्छ ।

भाषा हाम्रो गहना हो । परम्परित भाषाको तुलनामा चालु भाषा धेरै विकशित भइसकेको छ । हाम्रो देशको मूल भाषा नेपाली भाषा हो यसलाई खस भाषा पनि भनिन्छ । यो भाषाको जननी संस्कृत भाषा हो तर अहिले यो भाषालाई भ्रष्टिकरण गर्न थालिएको छ । हरेक भाषामा आ-आफ्नै मूल शब्द हुन्छन् । बाहिरी भाषाबाट कुनै शब्दहरू पाहुना बनेर आएका हुन्छन् । ती शब्दहरू रैथाने भाषासँग नेपाली शब्द भएर खेल्छन् । अर्का एक थरी शब्दहरूलाई हामीले जबरजस्त भित्र्याएका छौं र उनीहरूले हाम्रो नेपाली शब्दहरूलाई अतिक्रमण गरिरहेका छन् । यस्ता शब्दहरू प्रयोग गरिरहँदा हाम्रो भाषामा भ्रष्टिकरणको शुरुवात भएको छ । परिवार नै हाम्रो पहिलो पाठशाला हो । हामीले बाबु नानीहरूलाई 'बा' 'आमा' सिकाउनुको सट्टा ड्याड र मम सिकायौं । हामीले घरबाट विद्यालय पठायौं, त्यहाँ गुरु होइन सर भन्न लगायौं, विद्यालयका गुरु र गुरुआमाहरू सर र मिस त हुनुभयो कालोपाटी ब्ल्याकबोर्ड भयो । हाँजीरी वही रजिस्टर भयो । कार्यतालिका रुटिङ भयो । सामेली होइन एसेम्ली गरियो । कार्यालयलाई अफिस भनियो । भएका मूल शब्द थन्क्याइयो र नयाँ नयाँ शब्द भित्र्याइयो । हुँदा हुँदा अङ्ग्रेजी भाषालाई जबरजस्त सबै विषयमा घुसाइयो । यसरी भाषाबाट भ्रष्टिकरणको शुरुवात गरियो ।

भाषामा मात्र होइन लवाई खवाईमा भ्रष्टिकरण गरियो । हुँदा खाँदाको नयाँ सुरुवाल काटेर कुरूप बनाइयो । घुँडा, पुठ्ठा र तिघ्रा वरपर काटेर च्यातेर अर्ध नग्न बनाइयो । तपाई वा मेरी छोरी चाल्नो जस्तो च्यातिएको परिधान पहिरिएर सभ्य नागरिकको दावी गर्न थालिन् ।

संस्कार संस्कृतिलाई परिमार्जन गर्ने नाउँमा हामीले मूल अवस्थालाई निषेधात्मक रूपमा ग्रहण गर्न थाल्यौं । परम्परागत चल्दै आएका वैज्ञानिक संस्कारमाथि भ्रष्टिकरणको जालोले

> “परम्परागत चल्दै आएका वैज्ञानिक संस्कारमाथि भ्रष्टिकरणको जालोले छपक्क ढाक्न थालेको छ । पारिवारिक संरचना विघटन हुनु, सामाजिक सम्बन्ध भत्किनु र पश्चिमा आदर्श पच्छ्याउनु आम संस्कृति बन्ने खतरा बढ्दै गएको छ । नारी स्वतन्त्रताका नाममा विवाह पूर्वको शारीरिक सम्बन्ध वा स्वतन्त्रताको निहुमा सम्बन्ध विच्छेद मौलाउँदै गएको छ ।

छपक्क ढाक्न थालेको छ । पारिवारिक संरचना विघटन हुनु, सामाजिक सम्बन्ध भत्किनु र पश्चिमा आदर्श पच्छ्याउनु आम संस्कृति बन्ने खतरा बढ्दै गएको छ । नारी स्वतन्त्रताका नाममा विवाह पूर्वको शारीरिक सम्बन्ध वा स्वतन्त्रताको निहुमा सम्बन्ध विच्छेद मौलाउँदै गएको छ । धार्मिक स्वतन्त्रता वा धर्म निरपेक्षताको नाममा पौराणीक दर्शनको विपठन गर्‍यौं । धर्मलाई ऐच्छिक बनायौं, यो ठिक हो तर पोप र बाइबललाई ढोका खुल्ला गर्‍यौं ।

परोपकारलाई ममोपकारमा विनिर्माण गर्‍यौं । म र मेरो मात्र दुनियाँ ठान्यौं । अर्कालाई होच्याउने, निर्चोने र खुट्टा तान्ने प्रवृत्तिलाई बहादुरी ठान्यौं । मुखले एउटा कुरा बोल्छौं तर व्यवहारमा उल्टो गर्छौं । हामी एक्काइसौं शताब्दीमा सयर गरिरहेका छौं । यो युग विज्ञानमय छ । हामी हातहातमा विज्ञानको संयन्त्र लिएर संसार विचरण गर्छौं । विज्ञान हाम्रा लागि वरदान भएको छ । तर यही विज्ञानलाई भ्रष्टिकरण गरेर हामी सभ्य र शालिन बन्छौं । प्रकृतिले छोरा र छोरीलाई बराबर अस्तित्व दिएको छ । कानुन संविधान सबैतिर समान मान्यता छ तर यही विज्ञानलाई भ्रष्टिकरण गरेर आमाको गर्भभित्रकी छोरीहरूको जीवन सखाप पार्न हामी उद्यत छौं । सबैभन्दा ठूलो भ्रष्टिकरण राजनीतिको क्षेत्रमा व्याप्त छ । विश्वमा अजेय दर्शनको रूपमा मानिएको द्वन्द्वात्मक भौतिकवादलाई आदर्श मान्नेहरू ज्याक डेरिडाको पछि पछि दौडन थालेका छन् । भ्रष्टिकरणलाई पर्खाल लगाएर छेक्न सकेनौं भने भोली सिङ्गो देश टुक्रिने खतरा बढ्ने छ । हामी सजग हुन सकेनौं भने हाम्रा मूल्य मान्यता धरासायी भएको हाम्रा सन्ततिले पत्तो पाउने छैनन् ।

# तालिबानको कब्जामा नरहेको पन्जशिर उपत्यकामा भीषण लडाईं



**काठमाडौं/एजेन्सी–** तालिबानहरूले आफ्नो नियन्त्रणमा नरहेको पन्जशिर उपत्यकामा भइरहेको भीषण लडाइँमा उनीहरूले प्रतिरोधी फौजहरू विरूद्ध उपलब्धि हासिल गरिरहेको उनीहरूले बताएका छन्। तर प्रतिरोधी फौजका नेताहरूले तालिबानको दाबीलाई अस्वीकार गरेका छन्।

पूर्व अफगान रक्षा मन्त्री बिस्मिल्लाह मोहम्मदीले पछिल्लो हमलामा इस्लामवादीहरूले ठूलो क्षति बेहोरेको जनाएका छन्। अमेरिकासँग मिल्दोजुल्दो धारणा राख्ने क्रममा शुक्रवार युरोपेली सङ्घ र ब्रिटेनले तालिबानले नयाँ सत्ता गठन गर्दा आफूहरूले मान्यता नदिने तर सञ्चारको ढोका खुल्ला राख्ने जनाएका छन्।

तालिबान स्रोतले रोयटर्स समाचार संस्थालाई जानकारी दिए अनुसार उनीहरूले उक्त क्षेत्रमा नियन्त्रण कायम गरेका छन्। तर लडाइँमा सामेल प्रतिरोधी फौज यसलाई अस्वीकार गर्छन्। उक्त समूहका नेता पूर्व अफगान राष्ट्रपति अमरूल्लाह सलेहले परिस्थिति अप्ठेरो रहेको उल्लेख गर्दै प्रतिरोधी फौजहरूले निरन्तर लडिरहने बताए।

एक भिडिओ सन्देशमा उनले दुवै पक्षमा क्षति भएको बताएका छन्। 'अहिले हामी अप्ठेरो परिस्थितिमा रहेकोमा कुनै आशङ्का छैन्। हामी तालिबानको आक्रमणमा परेका छौँ। तर हामी आत्मसमर्पण गर्दैनौँ। हामी अफगानिस्तानको पक्षमा उभिएका छौँ।' उनले आफू देशबाट भागेको भन्ने विवरण खण्डन गर्दै मानिसहरूलाई आश्वस्त पार्न भिडिओ पठाएको जनाएका छन्। पन्जशिरमा भइरहेका लडाइँमा सयौँले ज्यान गुमाएका विवरण आएका छन्।

काबुलको उत्तरमा रहेको सो उपत्यका अफगानिस्तानको सबैभन्दा सानो मध्ये एक प्रान्त हो। तालिबानको हातमा नपरेको यो एउटै मात्र अफगान प्रान्त हो। पहाडहरूले छेकिएको उक्त प्रान्त परम्परागत रूपमा नै तालिबान विरोधी गढ हो। त्यहाँ डेढ लाखदेखि दुई लाख मानिसको बसोबास छ।

पन्जशिरका अग्ला चट्टान र दुई पहाडका बीचमा रहेका खोँचहरूले उक्त स्थानलाई बलियो गढमा बदल्छन्। उक्त क्षेत्रमा बहुमूल्य धातुका खानी, जलविद्युत् बाँधहरू र वायु ऊर्जा केन्द्र रहेका छन्। र अमेरिकाले त्यहाँ सडक निर्माण र काबुलबाट सङ्केत प्राप्त गर्न सक्ने रेडियो टावर निर्माणमा सहयोग गरेको छ। प्रतिरोधी फौजमा पूर्व अफगान सुरक्षा निकाय र स्थानीय मिलिसियाहरू छन् र त्यसको नेतृत्व स्थानीय नेता अख्मद मसुदले गरिरहेका छन्।

# भारतमा ६७.७२ करोडले पाए कोरोनाविरुद्धको खोप

**काठमाडौं/एजेन्सी–** भारतमा अहिलेसम्म कोरोनाभाइरस विरुद्धको खोप ६७.७२ करोडले लगाएका छन्। सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार ६७ करोड ७२ लाख ११ हजार २०५ जनाले अहिलेसम्म खोप लगाएका हुन्। तीमध्ये ५८ लाख ८५ हजार जनाले पछिल्लो २४ घण्टामा मात्रै खोप लगाएको उनीहरुको भनाइ छ। खोप लगाएका मध्ये एक करोड तीन लाख ६० हजार २४८ जना स्वास्थ्यकर्मी रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

त्यसैगरी पछिल्लो एक दिनमा ३६ हजार ३८५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यो सङ्ख्या ९७.४३ प्रतिशत हो। भारतमा अहिलेपनि चार लाख पाँच हजार ६८१ जना सङ्क्रमित अवस्थामै रहेका छन्। सक्रिय सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन बढ्दै गइरहेको छ।

दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। भारतमा पछिल्लो २४ घण्टामा ४२ हजार ६८२ जना नयाँ सङ्क्रमित थपिँदा ३६ हजार ३८५ जना मात्रै कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।


## लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

### क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरीदका लागि सुचिकृत आह्वान गरिएको सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।०५।२० गते**

यस गाउँपालीका अन्तर्गत अत्तरपुर स्वास्थ्य चौकिका लागि चालू आ.ब.२०७८/७९ मा आवश्यक एक थान एम्बुलेन्स उपलब्ध गराउँन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत/आधिकारिक विकेताले नियमानुसारका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपिहरु समावेश गरि सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ख) अनुसार सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, मुल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन (मिति २०७८ असोज ४ गते) कार्यालय समय भित्र यस कार्यालयको मौजुदा सूचीमा सूचिकृत हुन उत्पादक वा आधिकारिक बिकेताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

| सि. नं. | ठेक्का नं. | सवारी साधनको नाम | सवारीको संक्षिप्त परिचय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | LPRM/ CAT/078/79-01 | Double cap Right Hand Wheel Driver Pick-Up Ambulance | Double cap Right Hand Wheel Driver Pick-Up Ambulance, GVW shall not be less than 2500 kgs, seating capacity at least 4 attenants including patient & driver,Diesel engine power not less than 60 HP at governed RPM and Torque not less than 110 Nm,Ground clearance minimum 180 mm, power steering, minimum of one year warrenty,Essential Accessories: Stretcher with mattress, Belts & Floor mount kit, siren,Revolving light, oxygen cylinder holder, saline bottle holder,First aid box,hand wash basin,Anti-kit Floor | १ थान | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

**प्रमुख प्रशासकिय अधिकृत**



## नरैनापुर गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२०)**

प्रस्तुत विषयमा यस नरैनापुर गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम "शौचालय निर्माण" अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाहरु मार्फत, न्युनतम ५०% लागत साझेदारीमा, विपन्न दलित समुदायमा शौचालय निर्माण गर्नु पर्ने भएकोले लागत साझेदारीमा काम गर्न इच्छुक संस्थाहरुलाई यो सूचना प्रथम पटक प्रकाशित मितिले आवश्यक कागजात संलग्न राखी १५ दिन भित्र सिलबन्दी प्रस्ताव यस नरैनापुर गाउँपालिकाको कार्यालयमा पेश गर्नु हुन जानकारी गराईन्छ।

निर्माण गरिने कुल शौचालय संख्या :- २५०

गाउँपालिकाबाट हुने कुल लगानी :- रु. ५०,००,०००/- (अक्षरेपी रु. पचास लाख मात्र)

**शर्तहरू:-**

१) सम्बन्धित क्षेत्रमा न्युनतम ३ वर्षको कार्य अनुभव भएको।
२) समाज कल्याण परिषदमा आवद्ध भएको।
३) आ.व. २०७७/०७८ को कर चुक्ता भएको।
४) नियमानुसार वार्षिक नविकरण भएको।
५) आ.व. २०७७/०७८ को वार्षिक लेखा परिक्षण भएको।
६) संस्था कालो सूचीमा नपरेको।
७) प्रस्तावको साथमा यस नरैनापुर गाउँपालिकाको धरौटी खाता नं. ०७४०४८८०८७७०३००४ मा पछी फिर्ता हुने गरी जम्मा गरेको रु.१,२५,०००/- को बैंक भौचर संलग्न गर्नु पर्ने।
८) प्रस्ताव पेश गर्नु पुर्व सो सम्बन्धि कार्यक्षेत्रगत शर्त (त्इच) अनिवार्य रुपमा लिई सो को आधारमा प्रस्ताव तयार गर्नु पर्ने।
९) कार्यक्षेत्र शर्त यस कार्यालयको वेबसाइट **https://narainapurmun.gov.np/** को "प्रतिवेदन" मेनुमा गई "प्रकाशन" बाट डाउनलोड वा तल दिइएको (**QR CODE**) स्क्यान गरी प्राप्त गर्न सकिनेछ।
१०) सम्पर्क नम्बर:- ९८४४१००१८५ (विजय कुमार यादव)

**(दल बहादुर बस्नेत)**
**प्रमुख प्रशासकीय अधिकृत**



## कतारमा Driver हरूलाई बैदेशिक रोजगारको अवसर

1. Crave Trading WLL — LT No.: 244666

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Driver | 22 | [illegible] | 1500 | ४८,०८३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ |

यसै कम्पनीको लागि Qatar Return Bike Rider हरुको पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

2. Touch For Cleaning Hospitality Trading — पुन: विज्ञापन — LT No.: 231625

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Gen.Clean Worker | 30 | [illegible] | 1000 | ३२,००९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०७८ भदौ २७ गते (Sept. 12, 2021) यस प्रा. लि. कार्यालय कलंकीमा हुनेछ।

रकि ईन्टरनेशनल प्रा. लि.
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०२, ५२२४५०३, ९८४२४१६३६७



## कतारमा रोजगारको अवसर

कम्पनी: PROFESSIONAL SECURITY
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/१६ | चलानी नं.: ६०१५४८२४ | LT. No.: 236307 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GUARD | 18 | 5 | स. काममा दक्ष | 1500 | ४७,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २७ गते (12 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

ब्लु बर्ड ओभरसिज प्रा. लि.
License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com



## कतारमा रोजगार

1. Redco International Trading & Contracting — LT.No. 242029

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labourer | 400 | [illegible] | 1000 | ३२,०४२।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

2. Shine Optics — LT.No. 244442

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Salesman | 02 | [illegible] | 1400 | ४४,८५९।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

3. Stomach Snacks — LT.No. 244967

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Bellman | 01 | [illegible] | 1200 | ३८,४५६।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २ | Gen Clean Worker | 02 | [illegible] | 1200 | ३८,४५६।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| ३ | Waiter | 01 | [illegible] | 1400 | ४४,८५९।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

अन्तरवार्ता २०७८ भदौ २७ गते (Sept. 12, 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ।

D.N. Manpower Pvt. Ltd.
Tokha - 05, Basundhara, Kathmandu, Tel:- 01 - 4964311, 4986411
Email : dnmanpower@gmail.com

# बक्स अफिस समाचार

## 'नेपाली चलचित्रलाई विश्व बजारसम्म पुऱ्याउन सकिन्छ'

कोभिड शुरु भएयता हर क्षेत्रमा समस्या देखा पऱ्यो । सबैभन्दा बढी मनोरञ्जनको क्षेत्रमा प्रभाव परेको छ । मनोरञ्जनको एक पाटो सिनेमा पनि हो । हलहरु बन्द भएका कारण बनेका सिनेमाहरु पनि प्रदर्शनमा आउन सकिरहेको छैन । सुटिङ ठप्प प्राय: भएकाले सिनेमासँग जोडिएका हजारौं प्राविधिक, कलाकारहरु लामो समयदेखि बेरोजगार बनेका छन् । यस्तो अवस्थामा पनि उनीहरु सिनेमा क्षेत्र पुरानै अवस्थामा फर्कने आशामा छन् । यस्तै आशाको प्रतिक्षामा छन् चल्तिका छायांकार निरज कंडेल । दर्जनौं सफल सिनेमामा काम गरिसकेका छायांकार निरज कंडेलका सफल सिनेमामध्ये चपली हाईट, लुट कम्पनी, त्रिदेव, पर्खाल, हतकडी, लव फरेवर, तोरिलाहुरे, लव लव लव, चपली हाईट २, बिर्खेलाई चिन्छस्, हैरान, पशुपति प्रसाद, घर, मिस्टर नेपाली, चंगाचेट आदि छन् । जुन सिनेमा व्यावसायिकरुपमा सफल मानिएको छ । आफ्नो कामप्रतिको विश्वास र लगावले मानिसलाई सफलताको शिखरमा पुऱ्याउने कुरा बुझेका कंडेलले आत्री गौतम फिल्मस् प्रालिको ब्यानरमा निर्मित चलचित्र 'हाम्रो सानो घर होला'ले सफलतापूर्वक ५१ औं दिन पूरा गरेको उपलक्ष्यमा आयोजित कार्यक्रममा प्रमाणपत्र, नेपाल चलचित्र प्राविधिक संघको २०५६ सालमा सम्पन्न भएको निर्वाचनमा सदस्य पदमा निर्वाचित, नेपाल टेलिभिनबाट प्रसारित, नुतन फिल्मस्को प्रस्तुति शम्भु प्रधानको निर्देशन रहेको टेली सिरियल 'तिमि पुरुष' र 'गंगा जमुना'बाट पुरस्कृत भइसकेका छन् । आफ्नो पेशाप्रति इमान्दार रही यही क्षेत्रमा निरन्तर लागिरहने सोच बनाएका छायांकार **निरज कंडेलले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग** गरेको संक्षिप्त कुराकानी:

**अहिले केमा ब्यस्त हुनुन्छ ?**

निषेधाज्ञाको समयभरि नै अध्यायनमा ब्यस्त भएँ, नयाँ क्यामेरा नयाँ टेक्नोलोजीसँगै नयाँ फिल्मको स्कृप्टहरु अध्यायन गर्ने ओटीटी मार्फत सार्वजनिक भएका फिल्म र सिरिजहरु हेर्दै समय बिताइरहेको छु निषेधाज्ञा खुकुलो भएपछि चाहिँ डकुमेन्ट्रीको छायांकन पनि गरे ।

**मेकअप आर्टिष्ट हुँदै छायांकर बन्नु भएको छ, यि दुई विधामा के भिन्नता पाउनु भयो ?**

मेकअप आर्टिष्ट र छायांकार अलग अलग विधा भएकाले धेरै नै भिन्नता छ। मेकअपको काम क्यारेक्टरसँग डिपेन्ड रहन्छ त्यो क्यारेक्टर अनुसार आर्ट गर्नुपर्छ भने छायांकन भनेको चाहिँ सिनेमा, लघु चलचित्र, डकुमेन्ट्रीको कथाको सुरुवात देखि नै चाहिने विषय रहन्छ । हरेक निर्देशकको आ-आफ्नै तरिका हुन्छ कथा वाचन गर्ने, त्यसलाई बुझेर समय दिएर निर्देशकसँगै अध्ययन गर्नुपर्ने हुन्छ । निर्देशकको कल्पनालाई क्यामेराको माध्यमबाट विभिन्न विधाहरुको सहयोगमा दृश्यलाई बास्तविकता जस्तै कैद गरेर निर्देशकलाई नै प्रस्तुत गर्नुपर्ने काम हो छायांकार । त्यसैले पनि भिन्नता छ यी दुबै विधामा ।

**चलचित्रमा छायांकारको भूमिका कस्तो रहन्छ ?**

चलचित्रमा छायांकारको भूमिका विशेष रहन्छ । निर्देशक पछिको टिमको क्याप्टेन हो छायांकार । चलचित्र कस्तो बनाउने भन्नेदेखि कसरी काम गर्दा सहज हुन्छ र राम्रो चलचित्र निर्माण गर्न सकिन्छ भनेर टिमवर्क गराउने जिम्मा रहन्छ छायांकारमा, पूरा चलचित्र कस्तो तयार हुँदैछ त्यस्को पूर्ण जिम्मेवारी रहन्छ छायांकारमा । समग्रमा भन्नुपर्दा महत्वपूर्ण भूमिका रहन्छ ।

**नेपाली फिल्मले के गऱ्यो जस्तो लाग्छ ?**

नेपाली फिल्मले त धेरै गरेको छ मेरो लागि । नेपाली फिल्मले मलाई जिन्दगी नै दिएको छ भन्दा फरक पर्दैन, आज जे छु जुन स्थानमा छु, त्यो मलाई नेपाली चलचित्रको देन हो ।

**दर्शकले कस्तो खालको फिल्म बढी रूचाउँछन् ?**

दर्शकले राम्रो चलचित्र नै बढी रुचाउँछन् । जस्तै रियालिटी कुरालाई उठान गरेको कथा त्यस कथाभित्रको पात्र जो पहिलैबाट चर्चित छन् । निर्देशकको नाम र उसले गरेको अगाडिको काम हेरेर दर्शकले अनुमान लगाउँछन् पक्कै पनि यो सिनेमा राम्रो बनेको हुनुपर्छ । त्यस्तै किसिमका सिनेमा दर्शकले मन पराएका छन् ।

**हाम्रो समाज खुला र उदार बन्दै गएको हो ?**

यो त समय अनुसार परिवर्तन हुँदै जाने कुरा नै हो । पहिला पहिला चलचित्र हेर्न हलमा नै गएपछि सम्भव हुन्थ्यो भने अहिले मान्छेको हात हातमा चलचित्र हेर्ने सुविधा छ । देश विदेशको खबर, जानकारी मिनेटभित्र विश्वभरी फैलिन्छ, संसार भरिको जानकारी एकै ठाउँमा बसेर लिन सकिन्छ भने नेपाली समाज यतिको खुला र उदार हुनु स्वभाविक नै हो ।



**निरज कँडेल**, सिनेमाटोग्राफर



विदेशी सिनेकर्मी र नेपाली सिनेकर्मीमा खासै भिन्नता छैन । काम गर्ने टेक्निकल्ली इक्युप्मेन्टको हिसावले विदेशीहरु हामीभन्दा माथि छन् । हामीसँग चलचित्र निर्माण गर्ने सीमित स्रोत साधन छ, त्यही पनि हामी उनीहरुको चलचित्रसँग जुध्न सक्ने चलचित्र निर्माण गरिरहेका छौं ।

**नेपाली सिनेमा उद्योग पाकिस्तानी सिनेमा जस्तो हुँदैछ भन्छन् नि ?**

नेपाली सिनेमा उद्योग पाकिस्तानी सिनेमा जस्तो हुँदैछ भन्ने मलाई चाहिँ लाग्दैन । किन भने नेपाल र नेपालीको इतिहास धेरै पुरानो छ। यहाँ यस्तो धेरै कथाहरु छन् जुन कथामा अहिलेसम्म नेपाली सिनेमा बन्न सकेको छैन । नेपाली चलचित्र नेपाली बजारको लागि मात्रै भएकाले ठुलो लगानी फसाउन पनि गाह्रो हुन्छ, सानो लगानी र सानो बजारले गर्दा त्यस्तो लागेको हुन सक्छ। तर, बिस्तारै नेपाली चलचित्रलाई विश्व बजारसम्म पुग्ने गरी निर्माण गर्न सक्दा धेरै विषयवस्तु छन्, नेपालमा जुन विषयमा सिनेमा निर्माण हुँदा विश्वबजारमा सहजै नेपाली चलचित्रले प्रवेश पाउने स्थिति पनि आउँछ । त्यसैले अहिले प्रतिक्षा गर्नु नै उचित हुन्छ होला। सिनेमा क्षेत्र नै धरासायी हुन्छ कि भनेर अहिले नै डराउनु पर्ने अवस्था आइसकेको छैन ।

**विदेशी सिनेकर्मीसँग पनि काम गर्नुभएको छ, के भिन्नता पाउनु भयो ?**

विदेशी सिनेकर्मी र नेपाली सिनेकर्मीमा खासै भिन्नता छैन । काम गर्ने टेक्निकल्ली इक्युप्मेन्टको हिसावले विदेशीहरु हामीभन्दा माथि छन् । हामीसँग चलचित्र निर्माण गर्ने सीमित स्रोत साधन छ, त्यही पनि हामी उनीहरुको चलचित्रसँग जुध्न सक्ने चलचित्र निर्माण गरिरहेका छौं । विश्वभरी नै चलचित्र निर्माण गर्ने फर्मुला एउटै भएकाले देशी विदेशी जोसँग काम गरे पनि रिजल्ट उस्तै हो खास फरक हुँदैन ।

**पछिल्लो समय नेपाली सिनेमाले व्यावसायिक सफलता नपाउनुको कारण ?**

नेपाली सिनेमाले व्यावसायिक सफलता नपाउनुमा चलचित्र निर्माण गर्ने टिम कत्तिको क्यापेवल छ, निर्देशकको निर्देशनसँगै त्यसभित्रको कलाकार मार्केटले स्वीकारेको कलाकार हो कि होइन, चलचित्र निर्माण गर्नु पुर्व कत्तिको अध्ययन भएको छ, त्यो विषयमा यी कुराहरुको अध्ययन अनुसन्धान बिना आफ्नो मान्छेको लागि केही रकम बोकेर हचुवाको भरमा निर्माण भएका यस्ता चलचित्र जो आफ्नै हिरो, आफ्नो केटीलाई हिरोइन बनाउन चलचित्र निर्माण हुन्छ भने त्यस्ता चलचित्रले कसरी व्यावसायीक सफलता पाउन सक्छ ?

**फिल्म बनाउँदा चाहिने आर्थिक र रचनात्मक गम्भीरताका साथ ध्यान केमा बढी हुनुपर्छ ?**

फिल्म बनाउँदा पहिलो त आर्थिक नै तयार हुनु पऱ्यो । त्यसपछि भनेको रचनात्मक कुरामा नै गम्भीर हुनु पऱ्यो । पूरा ध्यान रचनात्मक कुरामै लगाउनु पर्छ ।

**फिल्म कलेजहरूमा अध्ययन गरी फर्किएकाबाट फिल्मप्रतिको सोच कस्तो पाउनु भएको छ ?**

फिल्म कलेजबाट अध्ययन गरी आउनु भएका साथीहरुको पनि फिल्मलाई लिएर धेरै राम्रो सोच बनाउनु भएको नै मैले पाएको छु । उहाँहरुलाई हेर्दा लाग्छ उहाँहरुले पनि चलचित्र क्षेत्र भित्र क्रान्ति नै ल्याउन सक्नु हुन्छ । तर, समय लाग्छ उहाँहरु अहिले आत्तिनु हुँदैन, उहाँहरुले पुरानो चलचित्रकर्मीहरुसँग सहकार्य गरेर अगाडि बढ्नु पर्छ, सफलता उहाँहरुकै हातमा छ ।

**कस्तो विषयवस्तुमा निर्माण भएको चलचित्रमा काम गर्न पाए हुन्थ्यो जस्तो लाग्छ ?**


आर्ट प्याट्र्नको चलचित्र, रियालीटी वेशको चलचित्रमा नै काम गर्दा मज्जा लाग्छ मलाई चाहिँ, जस्तो आफ्नै चलचित्र 'पशुपति प्रसाद' जस्तो चलचित्रमा काम गर्न आनन्द आउँछ मलाई ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

अन्त्यमा यो कोभिडको महामारी सधैं रहँदैन । हाम्रो चलचित्र क्षेत्र सधैं रहन्छ केही समय गाह्रो भयो भनेर चलचित्र क्षेत्रलाई अपहेलना नगरौं, यस्तो समयमा अध्ययन अनुसन्धान गरौं, समग्र चलचित्र क्षेत्रको श्रीवृद्धिका लागि के गर्न सकिन्छ त्यसमा छलफल गरौं, सबै जना अहिले पीडामा हुनुहुन्छ, आफ्नो क्षेत्रसँग सम्बन्धित सबैले सबैको पिरमर्का बुझेर सहयोगी भावना राखौं र एक अर्कालाई सकेको सहयोग गरौं ।

## विश्वराम कार्कीको 'तिमी त अचेल'

**काठमाडौं/मस-** लोकप्रिय गायक विश्वराम कार्कीको सुमधुर आवाजमा रहेको आधुनिक गित 'तिमि त अचेल'को म्युजिक भिडियो सार्वजनिक भएको छ । विभिन्न चर्चित गीतहरु सांगीतिक बजारमा पस्किसकेका गायक विश्वराम कार्की सुमधुर स्वरका धनि छन् ।



विभिन्न स्टेज कार्यक्रम इभेन्टहरुमा समेत आफ्नो जादुमय आवाजले दर्शक श्रोतालाई मनोरंजन दिन सफल गायक विश्वराम कार्कीको 'तिमी त अचेल' अहिले चर्चाको शिखर टेक्दै गरेको छ । विश्वराम कार्कीको शब्द रचना तथा संगीत रहेको यस गीतमा प्रमोद निर्वाणको एरेन्ज रहेको छ ।

छायांकार हृतिक सिंह ठकुरीको छायांकन तथा निर्देशक अमृत सुनुवारको निर्देशनमा तयार भएको म्युजिक भिडियोमा मोडल तथा गायक विश्वराम कार्की, लोकप्रिय मोडल निशा खालिङ र जिवन कार्कीको अभिनय रहेको छ । भिडियोलाइ माधव बेलबासेले सम्पादन गरेका हुन् ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/२०

यस कम्पनीको मिति २०७८/०५/१५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एसियन इन्जिनियरिङ कन्सल्टिङ ग्रुप प्रा.लि. (प्रा.लि. नं. ४१११४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एसियन कन्सल्टिङ ग्रुप प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/२०

यस कम्पनीको मिति २०७७/०९/२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एभरेष्ट ग्रुप अफ कम्पनीज प्रा.लि. (प्रा.लि. नं. २०८८९८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **उम्दा ग्रुप अफ कम्पनीज प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/२०

यस कम्पनीको मिति २०७८/०३/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओल्ड टासी देलेक टिबेटेन रेष्टुरेण्ट एण्ड बार प्रा.लि. (प्रा.लि. नं. १०७४९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टासी देलेक शेर्पा रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/२०

यस कम्पनीको मिति २०७८/०५/०९ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लर्ड बुद्धा इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ४१५११४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **लर्ड बुद्धा इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/२०

यस कम्पनीको मिति २०७८/०५/१० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एकाउन्टिङ्ग एण्ड बिजिनेस म्यानेजमेन्ट सोलुसन प्रा.लि. (प्रा.लि. नं. १८३७४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एकाउन्टिङ्ग एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### UAE मा रोजगार

१. कम्पनी : D FORCE SECURITY SERVICES L.L.C — शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५३४८० LT. No.: 234749 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३८,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FIRST CHOICE SECURITY SERVICE LLC — शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५३५२७ LT. No.: 234967 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 55 | 0 | स. काममा दक्ष | 1200 | ३८,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FIRST CHOICE CLEANING SERVICES LLC — शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५३४७९ LT. No.: 234977 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 23 | स. काममा दक्ष | 800 | २५,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २७ गते (12 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Society Overseas Pvt. Ltd.**
Gaushala-9, Kathmandu, Tel: 4113614, 4113645
Mob.: 9841036125, 9818821342, 9851220826
Email: info@societyoverseas.com, societyoverseas@gmail.com
Govt. Lic. No: 1285/074/075

### कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : NORTH GATE — शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०४/२४ चलानी नं.: ६०१६१२२४ LT. No.: 243638 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AMAAYER TRADING REAL ESTETE — शहर: Doha

पूर्व स्वीकृत मिति: २०७७/१२/२७ चलानी नं.: ६०१५७१३४ LT. No.: 238764 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 1 | 0 | | 1300 | ४१,०९३ | | | | | | | |
| 3. | Tailor | 1 | 0 | | 1100 | ३४,७७१ | | | | | | | |
| 4. | Labourer | 4 | 0 | | 1100 | ३४,७७१ | | | | | | | |

३. कम्पनी: GLOBAL CONTRACTING AND TRANSPORT — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०३/०६ चलानी नं.: ६०१५८८९४ LT. No.: 241027 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 1 | 0 | | 1200 | ३७,९३२ | | | | | | | |
| 3. | Weld Technician | 10 | 0 | | 1300 | ४१,०९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २७ गते (12 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.२ को रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोन: ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्स: ४३६०६१६, E-mail : info@kantipuroverseas.com | kantipurovs@gmail.com

# नेपाल-भारत दोस्रो मैत्रीपूर्ण खेल आज



**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, १९ भदौ

नेपाल र भारतबीचको दोस्रो मैत्रीपूर्ण फुटबल खेल आज (आइतबार) हुँदैछ। दशरथ रंगशालामा हुने खेल अपरान्ह साढे ५ बजे शुरु हुनेछ। साफ च्याम्पियनसिपको तयारीमा रहेका यी दुई टोलीबीचको बिहीबार भएको पहिलो खेल १-१ को बराबरीमा टुंगिएको थियो। साफ च्याम्पियनसिपको तयारीमा रहेका दुवै टिमले काठमाडौंमा दुई मैत्रीपूर्ण फुटबल खेल्ने तय गरेका थिए।

अन्जन विष्टको अग्रता जोगाउन नसक्दा नेपालले बराबरी खेलेको थियो। भारतका लागि अनिरुद्ध थापा बराबरी गोल गरेका थिए। ३६औं मिनेटमा अन्जनले गोल गरेका थिए। भारतीय चिनलेनाीना सिंह कोन्सामको ब्याकपासलाई गोलरक्षक गुरुप्रित सिंह सन्धुले नियन्त्रणमा लिन नसकेको बललाई अन्जनले उनलाई विट गर्दै नियन्त्रणमा लिएर गोल गर्न सफल भएका थिए।

नेपाललाई प्यालेस्टाइन, कीर्गिस्तान लगायतका देशले मैत्रीपूर्ण खेलका लागि प्रस्ताव गरेका थिए। तर नेपालले भारतको प्रस्ताव स्विकार गर्दै काठमाडौं बोलाएको हो। अर्को महिना माल्दिभ्समा हुने साफ च्याम्पियनसिपका लागि नेपाली टिम तयारीमा छ। प्रतियोगितामा नेपालले भारतलाई मुख्य चुनौतीको रुपमा हेरेको छ। सोही कारण भारतसँग खेल्दै कमजोरी सुधार गर्ने नेपालको लक्ष्य छ।

आइतबार हुने दोस्रो मैत्रीपूर्ण खेलमा नेपालका कप्तान किरण चेम्जोङले राष्ट्रिय टिमबाट सर्वाधिक खेल खेल्ने कीर्तिमान कायम गर्नेछन्। बिहिबार नेपालको कप्तानी गर्दै किरणले विराज महर्जनको सर्वाधिक खेलको कीर्तिमानी बराबरी गरेका थिए।


किरणले आइतबारको खेल खेलेमा नेपालका लागि सर्वाधिक खेल खेल्ने खेलाडी बन्नेछन्। उनले बिहीबार खेल्दै पूर्व कप्तान विराज महर्जनको ७३ खेलको कीर्तिमानसँग बराबरी गरेका थिए। अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव इन्द्रमान तुलाधरका अनुसार बिहीबार जस्तै ५ हजार १ सय दर्शकले मात्र रंगशाला पुगेर फुटबल हेर्न सक्नेछन्। कोरोनाविरुद्धको दुवै खोप लगाएका र कोरोना टेष्ट नेगेटिभ भएकाले मात्र खेल्न हेर्न सक्नेछन्।

## हाम्रोपात्रोबाट लाइभ

आइतबार हुने खेलको प्रत्यक्ष प्रसारण हाम्रो पात्रोबाट हुने भएको छ। म्याच प्रसारण गर्नका लागि एडप्याड र हाम्रो पात्रोबिच सहकार्य भएको हो। अनलाइनमा फुटबल खेलको प्रत्यक्ष प्रसारण हेर्न चाहने दर्शकले सुरुमा हाम्रो पात्रोको वेबसाइट वा मोबाइल एपमा गएर अथवा लिंक मा क्लिक गरेर त्यहाँ उपलब्ध मेनु तथा होम पेजमा रहेको 'नेपाल-भर्सेस इन्डिया फ्रेन्डली म्याच' मा क्लिक गरेपछि टिकट खरिद गर्ने पेज खुल्ने बताइएको छ।

त्यसमा आवश्यक क्रेडिट कार्डको विवरण राखेर टिकट खरिद गरेपछि 'वाच नाउ'मा थिच्नुपर्ने र यो सबै प्रक्रिया पुरा गरेपछि म्याच लाइभ सुरु भइसकेको छ भने त्यहाँ त्यसको भिडिओ फिड देखिने छ भने सुरु भइसकेको छैन भने बाँकी रहेको समयको काउन्टडाउन अर्थात उल्टो गणना देखिने बताइएको छ।

# मारियो म्यान्जुकिकद्वारा सन्यास



काठमाडौं/एजेन्सी- विश्व उपविजेता क्रोएसियाका पुर्व फरवार्ड मारियो म्यान्जुकिकले व्यवसायिक खेल करियरबाट सन्यासको घोषणा गरेका छन्। जर्मन क्लब बायर्न म्युनिख, इटालियन क्लब युभेन्ट्स र स्पेनिस क्लब एट्लेटिको म्याड्रिडका पुर्व फरवार्ड म्यान्जुकिकले १७ वर्षको व्यवसायिक खेल करियरबाट शुक्रबार सन्यासको घोषणा गरेका हुन्

म्यान्जुकिकले आफ्नो छोरा मारियोलाई सम्वोधन गर्दै सन्यासको घोषणा गरेका छन्। पछिल्लो समय इटालियन क्लब एसी मिलानमा आबद्ध रहेका ३५ वर्षीय म्यान्जुकिक कतारी अल दुहेलबाट गत जनवरीमा मिलान आएका थिए। उनले मिलानबाट ११ खेल खेलेका थिए।

उनले १४ अगस्ट २०१८ मा क्रोएसियाको राष्ट्रिय टोलीबाट सन्न्यासको घोषणा गर्दै केही समय व्यवसायिक खेल खेल्ने बताएका थिए। चार अलग-अलग राष्ट्रबाट शीर्ष डिभिजनको लिगको च्याम्पियन बनेका म्यान्जुकिकले जर्मन क्लब बायर्नबाट च्याम्पियन्स लिगको उपाधि जितेका छन्।

उनले आफ्नो समर्थकलाई सम्बोधन गर्दै आफ्नो बुट थन्क्याउने निर्णय गरेको बताएका छन्। म्यान्जुकिकले २००४-०५ को सिजनमा मार्ससोनियाबाट खेल्दै आफ्नो व्यवसायिक खेल करियर शुरु गरेका थिए।

त्यसपछि उनी एन के जाग्रिव हुदै २००७ देखि २०१० सम्म डिनामो जाग्रिवबाट तीन सिजन खेल्दै क्रोएसियन लिग जितेका थिए। त्यसपछि उनी जर्मन क्लब वल्फ्सवर्गमा दुई सिजन खेल्दै जर्मन महारथी बायर्नमा पुगेका थिए।

बायर्नमा उनले दुई सिजनमा दुई बुन्डेसलिगासँगै च्याम्पियन्स लिग र जर्मन सुपर कपसँगै युइएफए सुपर कप जितेका थिए। क्रोएसियाका लागि दोस्रो सर्वाधिक गोलकर्ता रहेका म्यान्जुकिकले क्रोएसियाबाट ८९ खेलमा ३३ अन्तर्राष्ट्रिय गोल गरेका छन्। उनले २०१८ मा फिफा विश्वकपमा उपविजेता भएको एक महिनापछि अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका थिए।

व्यवसायिक खेल जिवनमा उनले ६ सय ७१ खेलमा २ सय ६१ गोल गर्दा विभिन्न २३ उपाधि जित्न सफल भएका छन्। म्यान्जुकिकले डिनामो जाग्रिवबाट समान तीन क्रोएसियन फुटबल लिग र क्रोएसियन फुटबल कप, बायर्नबाट दुई बुन्डेसलिगा, दुई डिएफवी पोकल, एक जर्मन सुपर कप, एक च्याम्पियन्स लिग, एक युइएफए सुपर कप र एक फिफा क्लब विश्वकप जितेका छन्।

एट्लेटिको म्याड्रिडबाट स्पेनिस सुपर कप जितेका म्यान्जुकिकले युभेन्ट्सबाट चार सिरी 'ए', तीन कोपा इटालिया र एक इटालियन सुपरकोपासमेत जितेका छन्। अल दुहेलबाट कतार स्टार्स लिग जितेका थिए।

# भिजनलाई स्वर्ण

**काठमाडौं/मस-** मुलपानी तेक्वान्दो डोजाङका भिजन तामाङले १० औं कोरियन एम्बासडर राष्ट्रिय खुला भर्चुअल पुम्से तेक्वान्दो प्रतियोगिताको पुरुष एकल १२-१४ वर्षमा शनिबार स्वर्ण जितेका छन्।

भिजनले ६.०४ अंक जोडे। ५.९९ अंकसाथ गोदावरी इन्टर नेसनलका साइरस थापा दोश्रो भए। मुलपानीका महेश आङथुपु र सुपरस्टारका कृष पाण्डे तेश्रो बने।

नेपालस्थित दक्षिण कोरियाली राजदूतावासको सहयोगमा नेपाल तेक्वान्दो संघद्वारा आयोजित प्रतियोगिताको पेयर १५-१७ वर्षमा गोदावरीका श्रृजल श्रेष्ठ र रोशनी सिलवाल (६.५९ अंक) ले स्वर्ण तथा चन्द्रसूर्यका यज्ञ राई र हिमाला अधिकारी (६.११ अंक) ले रजत जिते। नेपाल टाइगरका मन्दिप राई र मनीषा पराजुली तथा चन्द्रसूर्यका अरुण तिवारी र सोनी शेर्पा तेश्रो भए।

पेयरतर्फ १८-३५ वर्षमा १३ औं सागका कांस्य विजेता जितबहादुर बोट र स्वर्णधारी पार्वती गुरुङ पहिलो बने। नेपाल प्रहरीका उनीहरुले ७.२३ अंक जोडे। ७.१४ अंकसाथ प्रहरीका १३ औं सागकी स्वर्ण विजेता निशा दर्नाल र १३ औं सागका कांस्य विजेता अस्मिन राउत दोश्रो भए। १३ औं सागका स्वर्ण विजेताद्वय नेपाल आर्मीका आयेशा शाक्य र सन्जिवकुमार ओझा तथा आर्मीकै १३ औं सागकी स्वर्णधारी सन्जिला तिमल्सिना र रजत विजेता कृष्णबहादुर तामाङले तेश्रो स्थानमा चित्त बुझाए।

पुरुष ३६-५० वर्षको एकल पुम्सेमा मुलपानीका मधुसुदन सापकोटा (६.२९ अंक) ले स्वर्ण तथा मुलपानीकै प्रेमकुमार दर्नाल (५.९३ अंक) ले रजत चुमे। प्रहरीका लक्ष्मणबहादुर ऐर तथा शिवपुरीधामका आशिष चन्दले कांस्य हात पारे।


## राजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजपुर, रौतहट
प्रदेश नं. २, नेपाल

### सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२०

उपरोक्त सम्बन्धमा यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म संस्था वा कम्पनीबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियामावली २०६३ को नियम १८ बमोजिम मौजुदा सूची दार्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिबाट ३० दिन भित्र यस कार्यालयको खरिद इकाईमा रितपूर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

खरिद तथा आपूर्ति सम्बन्धी
१. स्टेशनरी, मसलन्द।
२. छपाई सम्बन्धी।
३. फर्निचर तथा फर्निसिङ सम्बन्धी।
४. कम्प्युटर तथा इलेक्ट्रिक सामान सम्बन्धी।
५. सवारी साधन।
६. औषधी।

**मर्मत सम्बन्धी**
१. इलोक्ट्रोनिक्स उपकरण सम्बन्धी (कम्प्युटर, प्रिन्टर, युपियस, इन्भर्टर)
२. सार्वजनिक निर्माण, मर्मत सम्भार आदि कार्य।
३. फर्निचर तथा फर्निसिङ।
४. सवारी साधन।

**सेवा सम्बन्धी**
१. रेडियो, टेलिभिजन, पत्रपत्रिकामा सूचना सन्देश प्रकाशित गर्ने सम्बन्धी।
२. सरसफाई सम्बन्धी।
४. पशु, कृषि, शिक्षा, स्वास्थ्य सम्बन्धी आवश्यक सामग्रीहरु तथा उपकरणहरु।

**दरखास्त साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरू**
१. फर्म दर्ता व्यवसाय दर्ता, सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
३. आर्थिक वर्ष २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. प्रत्येक समूहको लागि छुट्टा छुट्टै आवेदन।
५. म्याद नाघि आएको, शिर्षक उल्लेख नभएको, आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।
६. सूची दर्ताको मान्य अवधि आ.व. २०७८/०७९ को असार मसान्त सम्मको हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा रोजगार अवसर

१. कम्पनीः PERFECT SOLUTIONS TRADING COMPANY — शहरःRIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३७९ — LT. No.: 244881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीMAL KAL TO PROVIDE DRINKS EST. — शहरःRIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३७२ — LT. No.: 244068

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 1 | 0 | स. काममा दक्ष | 1400 | ४३,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः FAISAL ABDULAZIZ AHMED AL JERAIWI FOOD SERVICES RESTAURANTS — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३७३ — LT. No.: 243839

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः AL JAWHARA AL MUMAYAZIAH FOR CATERING EST. — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३७४ — LT. No.: 243802

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Clients Accountant | 1 | 0 | स. काममा दक्ष | 2500 | ७७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः NINE ONE CAFE TO SERVE DRINKS — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३७५ — LT. No.:243801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनीः MARIAM GHAZI NAZEL AL MUTAIRI FAST FOOD RESTAURANT — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३८० — LT. No.:243773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनीः AL FINJAL CAFE, AL MUMYAZ FOR SERVING DRINKS — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३८२ — LT. No.:243644

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 3 | 0 | स. काममा दक्ष | 1500 | ४६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनीः RAGHAD ABDULAZIZ DUAIJ AL MUTAIRI FAST FOOD RESTAURANT — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३८४ — LT. No.:242792

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Food Server | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | restaurant Worker | 3 | 0 | | 1000 | ३१,०७० | | | | | | | |

९. कम्पनीः NEW FOOD CORPORATION COMPANY — शहरःSAUDI
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३८५ — LT. No.:241271

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनीः FOOD DEVELOPMENT COMPANY — शहरःRIYADH
पुर्व स्वीकृत मितिः २०७८/०५/१८ — चलानी नं.: ६०१६२३८६ — LT. No.:240807

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २७ गते (12 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ निःशुल्क अन्य रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

## ईमास्को नेपाल प्रा. लि.

श्रम ईजाजत नं. ११७/०५५/०५६

गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८ , Mob.: 9818191788, 9808505819

गो.द.का.द.नं. ३३/०६९/०७०





सुख्खा बन्दरगाहाको निर्माण पुरा हुँदै !

निर्माणाधीन चोभारस्थित सुख्खा बन्दरगाहा । करीब २२० रोपनी क्षेत्रफल रहेको उक्त बन्दरगाहाका संरचना नेपाल इन्टरमोडल यातायात विकास समितिले निर्माण गरेको छ । तस्वीर : समुन्द्रा घिमिरे, रासस

## महामारीका बीच पनि आए विदेशी पर्यटक

# आठ महिनामा ६६ हजार बढी पर्यटक



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ ।

सन् २०२१ को आठ महिनामा ६६ हजारभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अगष्ट महिनासम्म ६६ हजार नौ सय ६६ विदेशी पर्यटक नेपाल आएका हुन् ।

अगष्ट महिनामा हवाई मार्ग भएर पाँच हजार ९१७ विदेशी पर्यटन नेपाल भित्रिएका छन् । उक्त महिना नेपालबाट पाँच हजार ८३ विदेशी बाहिरिएका छन् ।

अघिल्लो वर्ष सन् २०२० को सोही महिनामा जम्मा २६५ मात्र पर्यटक आएका थिए । कोभिड-१९ अघि सन् २०१९ को अगष्टमा ९४ हजार ७४९ पयटक नेपाल आएको तथ्यांक छ ।

कोभिड-१९ महामारीको नराम्ररी असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ । विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको संख्या निराशाजनक देखिन्छ ।

बोर्डका प्रवक्ता मणि लामिछानेले महामारीकैबीच पनि झिनो संख्यामा भए पनि विदेशी पर्यटक नेपाल आइरहेका बताए । उनका अनुसार यो वर्षको जनवरी महिनामा आठ हजार ८७४, फेब्रुअरीमा नौ हजार १४६, मार्चमा १४ हजार ९७७, अप्रिलमा २२ हजार ४५०, मेमा एक हजार ४६८, जुनमा एक हजार १४३ र जुलाईमा दुई हजार ९९१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

## संक्षिप्तमा अर्थ

### सिजिनेटको तीज अफर : इन्टरनेट सब्सक्राइब उपहार नै उपहार




**काठमाडौं/मस–** सस्तो इन्टरनेट सेवा रहेको सिजिनेटले महिलाहरूको लागि लक्षित गर्दै तीजको अफर सार्वजनिक गरेको छ । उक्त अफर भाद्र १६ देखि भाद्र ३० सम्म चल्ने कम्पनीले जनाएको छ ।

उक्त अफरमा महिला ग्राहकहरूले ६ महिना वा १२ महिनाको इन्टरनेट प्लान सब्सक्राइब गर्नुपर्ने हुन्छ । उक्त अफर सब्सक्राइब गरे वापत 'लक्की ड्र'बाट दैनिक रूपमा २ वटा घरायसी सामाग्री पुरस्कार प्राप्त गर्न सकिनुको साथै अफरको अन्तिम दिन एक जनालाई बम्पर लक्की ड्र र ९ जनालाई थप पुरस्कार प्रदान गरिनेछ ।

कम्पनीको अनुसार उक्त अफर सिजिनेटको कभरेज भएको स्थानहरूमा मात्र उपलब्ध हुनेछ ।

सिजिनेटले आफ्नो विस्तार जावलाखेल, कुपण्डोल, कुलेश्वर, कालीमाटी, सतुंगल, बल्खु, छाउनी, कलंकीमा गरी सकेको छ । थप स्थानहरूमा पनि आफ्नो सेवा चाँडै नै विस्तार गर्ने कम्पनीले जनाएको छ ।

चौधरी ग्रुपअन्तर्गत सिजि कम्युनिकेसनले सिजिनेटको सेवा प्रदान गर्दै आइरहेको छ ।

### सांग्रिलाको नयाँ शाखा भरतपुरको हाकिमचोकमा



**काठमाडौं/मस–** सांग्रिला डेभलपमेन्ट बैंकले चितवनको भरतपुरस्थित हाकिमचोकमा शाखा संचालनमा ल्याएको छ । बैंकले बिहीबारदेखि उक्त शाखा सञ्चालनमा ल्याएको हो ।

हाकिमचोक शाखा कार्यालय संचालनमा आएसँगै सो क्षेत्रका सर्वसाधारणलाई सहज बैंकिङ्ग सुविधा पुग्ने विश्वास बैंकले लिएको छ ।

योसँगै सांग्रिला डेभलपमेन्ट बैंकको कुल शाखा संख्या ९६ पुगेको छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकवर्गहरुलाई विभिन्न प्रकारका बैंकिङ्ग सुविधाहरु दिँदै आएकोमा यस शाखाको सञ्चालनबाट यस क्षेत्रका ग्राहक महानुभावहरुलाई अझ सरल र सहज तरिकाले बैकिङ्ग सेवा लिने वातावरण बनेकोमा बैंक विश्वस्त रहेको छ ।


### 'दशैंको बेला हिरोको मेला' योजना सार्वजनिक

**काठमाडौं/मस–** नेपालका लागि हिरो मोटरसाइकलको आधिकारिक बिक्रेता नेपाल जनरल मार्केटिङ प्रालिले हिन्दूहरूको चाड दसैंको उपलक्ष्यमा 'दसैंको बेला हिरोको मेला' नयाँ योजना ल्याएको छ ।

यस योजनाअन्तर्गत हिरो मोटरसाइकल तथा स्कुटर किन्ने ग्राहकले छ हजार रूपैयाँ पक्का छुट, स्क्र्याच कार्डमार्फत् एक लाख रूपैयाँसम्म पाउनसक्ने र बम्पर लक्की ड्रमार्फत् एक जनाले एक लाख रूपैयाँ नगद पाउने कम्पनीले जनाएको छ ।

साथै, सबै हिरो मोटरसाइकल र स्कुटरमा शून्य प्रतिशत ब्याजमा ५० प्रतिशत फाइनान्स सुविधा उपलब्ध रहेको जानकारी दिइएको छ ।

### खल्तीबाट सहकारीमा पैसा पठाउँदा शुल्क नलाग्ने




**काठमाडौं/मस–** खल्ती डिजिटल वालेटले सम्पूर्ण ग्राहकहरुको लागि खल्ती मा उपलब्ध ४०० भन्दा बढी सहकारी अर्थात् कोअपरेटिभ खातामा निःशुल्क रकम पठाउन सकिने आकर्षक सेवा कार्यान्वयनमा ल्याएको छ।

यस सेवाअन्तर्गत प्रयोगकर्ताहरुले खल्ती बाट आफ्नो सहकारी खातामा प्रत्येक पटक २५ हजार र दिनको १ लाखसम्मको रकम निःशुल्क पठाउन वा जम्मा गर्न सक्नेछन् । त्यसैगरी, प्रत्येक महिनाको अधिकतम १० पटक वा २ लाख ५० हजारसम्मको रकम बिना कुनै सेवा शुल्क खल्तीबाट कुनै पनि सहकारी खातामा ट्रान्सफर गर्न सकिन्छ । खल्ती केवाईसी भेरिफाई गराएको प्रयोगकर्ता, खल्ती पसल, र एजेन्टहरुको हकमा यो अफर लागु हुनेछ। नयाँ ग्राहकहरुले पनि खल्ती एप डाउनलोड गरि खल्ती केवाईसी भेरिफाई गरि उक्त आकर्षक अफर मा सहभागी हुन सक्नेछन् ।

## युनिलिभरको एकपछि अर्को बदमासी सार्वजनिक

# म्याद गुज्रिएका हजारौं केजी चियामा नयाँ म्याद भर्दै गरेको फेला




युनिलिभरले म्याद गुज्रिएको भारतीय कम्पनी 'रेड लेबल' नामक चियाको ब्राण्डमा म्याद थपेर बजारमा पठाउने तयारी गरेको थियो । म्याद गुज्रेका तथा विवरण स्पष्ट नभएका करिब ३० किलोग्रामका ९२० बोरा चिया फेला खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख सोमकान्त रिजालले जानकारी दिए ।

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

हेटौंडास्थित बहुर्राष्ट्रिय कम्पनी युनिलिभरको चिया प्रशोधन केन्द्रमा स्थानीय प्रशासनले सिल गरी थप कारबाही प्रक्रिया सुरु गरेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुर, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडा तथा विभिन्न उपभोक्तावादी संघसंस्थाको संयुक्त अनुगमन टोलीले गरेको अनुगमनका क्रममा उक्त कम्पनीमा म्याद गुज्रिएका खाद्य पदार्थ भेटिएपछि सिल गरी कारबाही प्रक्रिया सुरु गरिएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख सोमकान्त रिजालले जानकारी दिएअनुसार शुक्रबार गरिएको अनुगमनमा युनिलिभरको चिया प्रशोधन केन्द्रमा सयौं बोरा म्याद गुज्रिएका चिया फेला परेका थिए ।

'विशेष सूचनाका आधारमा भएको अनुगमनमा विवरण स्पष्ट नभएका तथा म्याद गुज्रिएका चियापत्ती फेला पारेर हामीले नमूना संकलन गरेका छौं र कम्पनीको चिया प्रशोधन केन्द्रमा सिलबन्दी गरेका छौं', रिजालले भने, ' म्याद गुज्रेका तथा विवरण स्पष्ट नभएका करिब ३० किलोग्रामका ९२० बोरा चिया फेला परेको छ ।'

फेला परेको चियाको नमूना संकलन गरी परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पठाइएको उनले बताए । उक्त चियालाई पुनः म्याद थपेर नयाँ प्याकेट बनाउने प्रयोजनका लागि राखिएको विशेष सूचना पछि अनुगमन गरिएको उनले जानकारी दिए ।

### भारतीय कम्पनी 'रेड लेबल'ले फालेको चिया

भारतबाट आयात गरिएको म्याद गुज्रिएको चियापत्ती 'रेड लेबल' नामक चियाको ब्राण्डमा बिक्रीका लागि बजार पठाउने गरेको फेला पारिएसँगै अनुगमन भएको हो । प्राप्त विशेष सूचनाको आधारमा स्थानीय प्रशासन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, उपभोक्तावादी संघ संस्थासहितको संयुक्त अनुगमन टोलीले उद्योग परिसरमा रहेको चियापत्ती प्लाण्टमा अनुगमन गरेको बताइएको छ ।

यसअघि सो टोलीले भारतीय ब्राण्डको नाममा गैरकानुनीरुपमा अगरबत्ती उत्पादन गर्ने एक व्यवसायीलाई पनि कारबाही गरेको थियो ।

# नेपालकै ठूलो भाटभटेनीको शाखा इटहरीमा



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १९ भदौ ।

नेपालको सबैभन्दा ठुलो र अग्रणी सुपरमार्केटको छाप बनाएको भाटभटेनीले शनिबार सुनसरीको इटहरीमा १९ औं शाखा शुभारम्भ गरेको छ । उपत्यकामा अपार सफलता पछि प्रदेश एकका मुख्य शहरहरूमा शाखा स्थापना गर्ने क्रममा धरान, बिराटनगर, हुँदै १९ औं शाखा इटहरीमा शुभारम्भ भएको हो । उक्त शाखालाई नेपालकै सबैभन्दा ठुलो मानिएको छ । करीब ३ अर्बको लगानी रहेको सुपर मार्केटलाई सञ्चालक मिनबहादुर गुरूङले हिन्दु परम्पराअनुसार पुजा गरेर औपचारिक उद्घाटन गरेका थिए ।

पूर्वपश्चिमराजमार्गअन्तर्गत इटहरी १७ लविपुरमा शनिबारदेखि शुभारम्भ भएको भाटभटेनीमा तिन वटा ब्लक रहेका छन् । विभिन्न आवश्यकीय सामग्री किनमेलसँगै मनोरञ्जन प्रदान गराउन मार्केटभित्रै सिनेमाहल सञ्चालन हुने भएको छ ।

शनिबारदेखि औपचारिक सेवा शुभारम्भ गरेको भाटभटेनिले ओपनिङको अवसर पारेर अल्कोहल र निकोटिन ग्रुपका बाहेक सबै सामानमा १० प्रतिशत छुट दिएको छ । यो छुट आगामी एक महिना सम्म रहने भएको छ । मार्केटको पहिलो तला अन्तरगत ५०० सवारी साधनहरू सजिलै अटाउन सकिने गरी अण्डरग्राउण्ड पार्किङ सुविधा रहेको छ । पहिलो तला किचनवेयर र बालबालिकाका खेलौनाका लागि छुट्याइएको छ । यसमा ७ वटा काउन्टर हुनेछन् ।

दोस्रो तलामा कपडा, जुत्ता आदि राखिएका छन भने यसमा १० वटा काउन्टरको व्यवस्था गरिएको छ । त्यस्तै, सी ब्लकको भुइँतलामा केएफसी, काठमाडौंको पेपे पिजा र आँगन रेस्टुरेन्ट रहेको छ । सोही तलामा बालबालिका खेल्ने ८ हजार वर्गफिटको प्ले ग्राउन्ड पनि बनाइएको छ । यसभन्दा माथि हिमालय जाबा कफीको रेस्टुरेन्ट राखिएको छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७८४, ९८०८४७५००२, ९८४१५६५७८५

लागूऔषध रहित परिवार:
स्वस्थ जीवनको आधार
लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरूत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।
सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**